जैविक विविधतासम्बन्धी
महासन्धिको माध्यमद्वारा
आदिवासीहरूका अधिकारहरूलाई
छलफल तथा प्रबर्द्धन गर्न



कुराबाट कामतिर

उष्ण क्षेत्रीय वनजंगलका आदिवासी
तथा ट्राइबल समूहहरूको अन्तर्राष्ट्रिय
साझेदारी (IAITPTF)

# कुराबाट कामतिर




परिवर्तनका लागि आदिवासीहरूको
सञ्जालसम्बन्धी परियोजना
(IPNC)

# भाग १
# जैविक विविधतासम्बन्धी महासन्धि

# जैविक विविधता भन्नाले के बुझिन्छ र यो आदिवासीहरूका लागि किन मह□वपूर्ण छ?

जैविक विविधता (Bio–Diversity) भन्ने शब्दले यस धर्तीमा रहेका जीवित वस्तुहरूका वंशाणु□ारा बनिने सानाभन्दा साना जिवाणुहरूदेखि लिएर विभिन्न बोटबिरूवाहरू एवं जनावरहरू र तिनीहरूलाई धान्ने पर्यावरणहरूका बारेमा वर्णन गर्दछ। जैविक विविधतासम्बन्धी अवधारणाले सबै कुरालाई समेट्छ। यसले सबै किसिमका जीवहरू एवं पृथ्वीमा रहेका सबै जीवित वस्तुहरू तथा तिनीहरूबीच रहेको अन्तरसम्बन्धलाई समेट्छ। आदिवासीहरूलगायत सबै मानिसहरू यो विविधताको एउटा पाटोको रूपमा रहेका छन्। हामी सबै मानिसहरू बाँच्नका लागि तथा आफ्नो सुख, समृद्धिका लागि यो धर्तीको जैविक विविधताको उचित व्यवस्थापन एवं निरन्तरतामा निर्भर रहेका छौं।[१]

हुन त आदिवासीहरूका लागि जैविक विविधतासम्बन्धी पश्चिमा वैज्ञानिक अवधारणा नौलो एवं बुझ्न गाह्रो हुन सक्दछ, र कतिपय आदिवासीका एवं स्थानीय भाषाहरूमा यससँग मिल्दोजुल्दो शब्द नहुन सक्दछ। तर पनि उनीहरूको जमिन तथा प्रकृतिसँगको नजिकको सम्बन्धका कारण आदिवासीहरूले यस पृथ्वीका सबै जीवित वस्तुहरूका बीच रहेको अन्तरसम्बन्धलाई प्रष्टसँग बुझेका छन्। उनीहरूले प्रकृतिमा सन्तुलन कायम राख्नका लागि बोटबिरूवा तथा जनावरजस्ता जीवित वस्तुहरूको विविधताले मह□वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ भन्ने कुरा बुझेका छन्। वास्तवमा, आदिवासीहरूसँग त्यस्तो मह□वपूर्ण ज्ञान छ, जसले जैविक विविधताको संरक्षणमा मह□वपूर्ण भूमिका निर्वाह गरेको छ। आदिवासीहरूसँग बोटबिरूवा तथा जनावरका प्रजातिहरूको विविधता र तिनीहरूको वासस्थान एवं व्यवहारहरूको विविधताका बारेमा तथा प्राकृतिक स्रोतहरूको व्यवस्थापन एवं संरक्षण गर्ने परम्परागत तरिकाका बारेमा आफ्नै परम्परागत ज्ञान छ। सो परम्परागत ज्ञानले हामी सबै बाँच्नका लागि र आफ्ना सुख समृद्धिका लागि निर्भर रहेका पर्यावरणसँग दिगो सम्बन्ध कायम राख्न सफल बनाएको छ।

आदिवासीहरू बसोबास गर्ने भूमि तथा क्षेत्रहरू विश्वमै सबैभन्दा बढी जैविक विविधता भएका भू–भागहरूमा पर्ने अध्ययनहरूबाट देखिन्छ। उष्ण–क्षेत्रीय वनजंगलहरू तथा उत्तर ध्रुवीय हिम क्षेत्रहरू तथा उष्ण क्षेत्रका धापिलो जग्गामा हुने जंगलहरू आदि अत्याधिक वातावरणीय मह□व भएका भू-भागहरू हुन्। यो तथ्यले आदिवासीहरू र जैविक विविधताको संरक्षणबीच रहेको अविभाज्य सम्बन्धलाई प्रष्ट पार्दछ।[२]

---

१ Paul Oldham, *Negotiating Diversity : A Field Guide to the Convention on Biological Diversity* (Lancaster : Lancaster University and the centre for Economics and the Social Aspects of Genomics, 2001-2002), पाना १४।

२ Oldham, पाना १७।

# जैविक विविधतासम्बन्धी महासन्धि भन्नाले के बुझिन्छ?

जैविक विविधतासम्बन्धी महासन्धिको सुरूवातका लागि सन् १९७० तथा १९८० को दशकतिर फर्कनु पर्दछ, जतिबेला पश्चिमा वैज्ञानिकहरूले विश्वभरिका उष्ण-क्षेत्रीय जंगलहरूको द्रुत गतिमा भइरहेको विनाशप्रति चिन्ता व्यक्त गर्न थालेका थिए। ती वैज्ञानिकहरूले यी विभिन्न प्रजाति-सम्पन्न क्षेत्रको विनाशले मानिसको भविष्यलाई नै गम्भीर खतरामा पु□याउने चिन्ता व्यक्त गरेका थिए। यो 'जैविक विविधता' एकपटक विनाश भएर गएपछि पुनः प्राप्त गर्न नसकिने अवस्थामा थियो। यसरी, जैविक विविधताको अवधारणाको जन्म हुन पुग्यो। यी सुरूवाती प्रयासहरूबाट पछि गएर कानूनीरूपमा बाध्यकारी 'जैविक विविधतासम्बन्धी महासन्धि' को निर्माण हुन पुग्यो।[३]

जैविक विविधतासम्बन्धी महासन्धि एउटा अन्तर्राष्ट्रिय समझदारी हो, जुन सन् १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा सम्पन्न 'पर्यावरण तथा विकाससम्बन्धी संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलन' बाट प्रादुर्भाव भएको हो। 'पृथ्वी सम्मेलन' (Earth Summit) को नामले लोकप्रिय सो सम्मेलनमा इतिहासमै त्यतिबेलासम्मको सबैभन्दा ठूलो संख्यामा संसारभरिका राजनीतिज्ञ तथा नेताहरूको उपस्थिति रहेको थियो। सम्मेलनले दुईवटा अन्तर्राष्टिय कानूनहरू (सन्धि) लाई जन्म दियो। पहिलो समझदारी राष्ट्रहरूले विश्व तापक्रमको बृद्धिमा सघाउ पु□याउने वायुहरूको उत्सर्जनमा स्वेच्छाले कटौती गर्ने बारेमा थियो। दोस्रो सम्झौता जैविक विविधतासम्बन्धी महासन्धि थियो, जुन सम्झौताले लोप हुन लागेका र संकटमा परेका प्रजातिहरू तथा पर्यावरणहरूलाई संरक्षण गर्नका लागि राष्ट्रहरूलाई योजनाहरू बनाउन दबाब दिएको थियो।[४]

युरोपेली संगठनलगायतका १८८ राष्ट्रहरूले सन् २००५ सम्ममा जैविक विविधता महासन्धिमा सही गरेर पक्ष राष्ट्र बनिसकेका थिए।[५] महासन्धिमा हस्ताक्षर नगर्ने अत्यन्तै कम राष्ट्रहरूमध्ये एक संयुक्त राज्य अमेरिका थियो। संरक्षित पर्यावरणीय क्षेत्रको प्राकृतिक स्रोतहरूको उपयोगबाट हुने फाइदा सम्बन्धित स्रोतको धनी देश र सो प्राकृतिक स्रोतलाई निकाल्ने वा प्रयोगमा ल्याउने संस्था वा निगमबीच बराबररूपमा बाँड्ने व्यवस्था गर्नुपर्छ भनी महासन्धिको एक प्रावधानलाई प्रष्टाउदै उसले असहमति जनाएको थियो।[६]

---

३ Oldham, पाना १५।

४ Michael Zimmerman, "Environment", *Microsoft Encarta* (Redmond, WA: Microsoft Corporation, 2005).

५ Tebtebba Foundation, *Indigenous Peoples and the Convention on biological Diversity : Asia Report* (Baguio City, Philippenes: Tebtebba Foundation, 2006) पाना ६०।

६ Zimmerman.

## जैविक विविधतासम्बन्धी महासन्धिका उद्देश्यहरू के के छन्?

जैविक विविधतासम्बन्धी महासन्धिको धारा १ ले महासन्धिका उद्देश्यहरू निम्नानुसार उल्लेख गरेको छ :

महासन्धिको सम्बन्धित प्रावधानहरूअन्तर्गत रहेर जैविक विविधताको संरक्षण, जैविक विविधता एवं त्यसका अंगहरूको दिगो उपयोग गर्नु यस महासन्धिको उद्देश्य रहेको छ। साथै, आनुवांशिक स्रोतहरूको प्रयोगबाट हुने फाइदाहरूको न्यायपूर्ण तथा समतामूलक बाँडफाँड गर्नुसमेत यसको उद्देश्य रहेको छ। यसो गर्दा ती स्रोतहरूमाथि तथा सम्बन्धित प्रविधिमा सबै किसिमका अधिकारहरूलाई ध्यानमा राख्दै स्रोतहरूमाथि उचित पहुँच उपलब्ध गराउने तथा सम्बन्धित प्रविधिहरूको उचित हस्तान्तरण गर्ने कुराका साथै उपयुक्त आर्थिक सहयोग उपलब्ध गराउने जस्ता कुरा पनि पर्दछन्।

संक्षेपमा, जैविक विविधतासम्बन्धी महासन्धिका तीन वटा उद्देश्यहरू निम्नानुसार छन् :

- जैविक विविधताको संरक्षण
- जैविक विविधता र त्यसका अवयवहरूको दिगो उपयोग
- आनुवांशिक स्रोतहरूको उपयोगबाट हुने फाइदाहरूमाथि न्यायपूर्ण पहुँच तथा त्यसको समतामूलक बाँडफाँड।[७]

## जैविक विविधतासम्बन्धी महासन्धिले कसरी काम गर्दछ?

जैविक विविधतासम्बन्धी महासन्धिले एउटा संस्थागत संरचनाअन्तर्गत रहेर काम गर्दछ, जसअन्तर्गत निम्न अंगहरू रहेका छन् :

- महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलन (COP)
- वैज्ञानिक, यान्त्रिक तथा प्राविधिक सल्लाहसम्बन्धी सहयोगी अंग (SBSTTA)
- सचिवालय
- आर्थिक संयन्त्र
- सूचना संयन्त्र
- सहयोगी अंगहरू

---


७ John Scott, "The CBD and Traditional Knowledge." *Indigenous Peoples and The Convention on Biological Diversity : Asia Report* (Baguio City, Philippines : Tebtebba Foundation, 2006) पाना ६०।

जैविक विविधतासम्बन्धी महासन्धिले कसरी काम गर्दछ भन्ने कुरा तल चित्र नं. १ मा दिइएको महासन्धिको संस्थागत संरचनासम्बन्धी बनोटले प्रष्ट पार्न सक्दछ।[८] आदिवासीहरूले यी विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूको माध्यमबाट महासन्धिको प्रक्रियामा सहभागिता जनाउन सक्दछन्। त्यस्तै गरेर उनीहरूले महासन्धिको राष्ट्रियस्तरको कार्यान्वयन तहमा आफ्ना सरकारहरूलाई घचघच्याएर उनीहरूसँग काम गरेर पनि महासन्धिको प्रक्रियामा सहभागिता जनाउन सक्दछन्।



८ John Scott, "IPs and the CBD," *Indigenous Peoples and the Convention on Biological Diversity : Asia Report* (Baguio City, Philippines: Tebtebba Foundation, 2006) पाना ६३।

**चित्र १ : जैविक विविधतासम्बन्धी महासन्धिको संस्थागत संरचना**




# जैविक विविधतासम्बन्धी महासन्धिका विभिन्न संरचनाहरूले कसरी काम गर्दछन्?

## महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलन (COP)

महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलन जैविक विविधतासम्बन्धी महासन्धिको सबैभन्दा माथिल्लो निर्णायक अंग हो। यो महासन्धिका पक्षहरू युरोपेली संगठन र राष्ट्रिय सरकारहरू संलग्न भएको अंग हो। महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलनको बैठक दुई वर्षमा एकपटक बस्दछ। यसको पछिल्लो बैठक सन् २००६ मा ब्राजिलमा बसेको थियो। जैविक विविधतासम्बन्धी महासन्धिमा हस्ताक्षर नगरेका संयुक्त राज्य अमेरिका जस्ता राष्ट्रहरू, आदिवासीहरूका संगठनहरू एवं स्थानीय स्तरका सामुदायिक संगठनहरूले पर्यवेक्षकको रूपमा सम्मेलनमा भाग लिन सक्दछन्। त्यस्तै,

इच्छुक संगठनहरूले पनि पर्यवेक्षकको रूपमा भाग लिन सक्दछन्।[९]

## वैज्ञानिक, यान्त्रिक तथा प्राविधिक सल्लाहसम्बन्धी सहयोगी अंग (SBSTTA)

SBSTTA महासन्धिमा सही गर्ने राष्ट्रहरू□ारा मनोनित वैज्ञानिक एवं विशेषज्ञहरूको समूह हो। यसको बैठक महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलनको बैठकहरूको बीचमा दुईपटक बस्ने गर्दछ, अर्थात् वर्षको एकपटक बस्ने गर्दछ। यो समूहले महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलनलाई मस्यौदा प्रस्तावको रूपमा सल्लाह एवं सुझावहरू दिने गर्दछ। यसको बैठकमा आदिवासीहरू तथा सरकारहरूले पर्यवेक्षकको रूपमा सहभागिता जनाउन सक्दछन्।[१०]

## सचिवालय

जैविक विविधतासम्बन्धी महासन्धिको सचिवालयमा कार्यकारी सचिवको नेतृत्वमा जम्मा ५५ जना कर्मचारीहरू छन्। कार्यकारी सचिवको पदमा अहिले अहमद जोगलाफ कार्यरत छन्। सचिवालयको कार्यालय क्यानाडाको मन्ट्रियल शहरमा छ। सचिवालयका कर्मचारीको मुख्य काम जैविक विविधतासम्बन्धी महासन्धिका बैठकहरूको तयारी गर्नु एवं ती बैठकहरूमा सेवा पु□याउनु रहेको छ। सचिवालय महासन्धिमा सहभागिता जनाउन चाहने आदिवासीहरूका लागि पहिलो सम्पर्कस्थलको रूपमा रहेको छ।[११] सचिवालयमा अहिले आएर आदिवासीहरूको परम्परागत ज्ञानका सम्बन्धमा काम गर्ने एउटा सम्पर्क व्यक्तिको पनि नियुक्ति गरिएको छ। क्यानाडाको मन्ट्रियल शहरमै आधारित रहने सो पदमा सन् २००६ देखि जोन स्कट कार्यरत रहेका छन्।

## आर्थिक संयन्त्र

जैविक विविधतासम्बन्धी महासन्धिको आर्थिक संयन्त्रको माध्यम□ारा विकासोन्मुख देशहरूले महासन्धिको कार्यान्वयनका लागि आर्थिक स्रोत प्राप्त गर्न सक्दछन्। विश्वव्यापीस्तरका वातावरणीय समस्याहरूलाई सम्बोधन गर्न तथा जैविक विविधतासम्बन्धी महासन्धिलाई कार्यान्वयन गर्नका लागि विश्व वातावरणीय निकाय (Global Environment Facility) ले प्रमुख अन्तर-सरकारी आर्थिक संयन्त्रको भूमिका निर्वाह गर्दछ। यो निकाय विकासोन्मुख देशहरूलाई विश्व वातावरणलाई संरक्षण गर्नका लागि परियोजना तथा कार्यक्रमहरू सञ्चालन गर्न आर्थिक सहयोग उपलब्ध गराउने उद्देश्यले सन् १९९१ मा स्थापना भएको हो। यसको आर्थिक अनुदानले जैविक विविधता,

९ Scott, पाना ६०।
१० Scott, पाना ६१।
११ Scott, पाना ६१।

जलवायु परिवर्तन, अन्तर्राष्ट्रिय जलसम्पदा, भूमिको क्षयीकरण, ओजोन तह एवं सजिलै नष्ट नहुने जैविक प्रदुषण[१२] जस्ता विषयसँग सम्बन्धित परियोजनाहरूमा सहयोग पु□याउँदछ।[१३] सन् २००६ सम्म विश्व वातावरणीय निकायको कुल अनुदान रकम ३.१ अर्ब अमेरिकी डलर थियो। यसले विकासोन्मुख तथा संक्रमणकालीन राष्ट्रहरूका लगभग ४५० परियोजनाहरूमा सहयोग पु□याएको थियो।[१४]

## सूचना संयन्त्र

यो जैविक विविधतासम्बन्धी महासन्धिको वेबसाइट www. biodiv.org सँग सम्बन्धित विभिन्न सरकारहरू तथा संगठनहरू□ारा स्थापित इन्टरनेट साइटहरूको शृंखला हो। यी साइटहरूले महासन्धिको बारेमा सूचना र जानकारीहरू आदानप्रदान गर्नका लागि संयन्त्र उपलब्ध गराउँदछन्। यसका तीनवटा उद्देश्यहरू छन् : (१) राष्ट्रहरूभित्र र राष्ट्रहरूका बीचमा प्राविधिक तथा वैज्ञानिक सहयोग प्रबर्द्धन एवं सहजीकरण गर्ने (२) जैविक विविधतासम्बन्धी सूचनाको आदानप्रदानका लागि एवं त्यसलाई एकीकृत गर्नका लागि एउटा विश्वव्यापी संयन्त्रको विकास गर्ने र (३) आवश्यक मानवीय एवं प्राविधिक सञ्जालको विकास गर्ने।[१५]

## सहयोगी अंगहरू

जैविक विविधतासम्बन्धी महासन्धिका सहयोगी अंगहरूमा खुला तदर्थ कार्यसमूहहरू, विशेषज्ञहरूको समूह तथा प्राविधिक विशेषज्ञहरूको तदर्थ समूहहरू पर्दछन्।

खुला तदर्थ कार्यसमूहहरूमा विशेषज्ञहरू तथा सरकारहरू□ारा मनोनित सदस्यहरू हुन्छन्, समूहहरू तदर्थ हुन्छन्। किनकि, तिनीहरू आवश्यकताअनुसार निर्माण हुन्छन्, र ती स्थायी प्रकृतिका हुँदैनन्। तिनीहरू खुला हुन्छन्, किनकि महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलनले ती समूहहरूको काम सिद्धिएको नठानेसम्म ती समूहका बैठकहरू सबै पक्षहरूका लागि एवं सबै पर्यवेक्षकहरूका लागि खुला हुन्छन्। यस्ता निर्माण भएका कार्यसमूहहरू निम्नलिखित छन् : जैविक सुरक्षा,

---

१२ सजिलै नष्ट नहुने जैविक प्रदुषण (Persistent Organic Pollutants) मा त्यस्ता खतरनाक रासायनिक पदार्थहरू पर्दछन्, जुन सजिलै नष्ट हुँदैनन्। बरू तिनीहरू खाद्य श्रृंखलामा फैलिँदै जाँदा झन बलियो हुँदै जान्छन्। यस्ता प्रदुषणहरूमा मुख्यतया बोटबिरूवामा हाल्ने किटनाशक औषधि तथा औद्योगिक रसायनहरू पर्दछन्। यस्ता प्रदुषणहरू त्यस्ता क्षेत्रहरू जहाँ तिनीहरूको कहिल्यै पनि उत्पादन भएको छैन वा प्रयोगमा ल्याइएको छैन, ती क्षेत्रहरूमा पनि फैलिन सक्दछन्।

१३ Scott, पाना ६१।

१४ Frank A. Campbell, Protecting and Improving the Global Commons: 15 Years of the World Bank Group- Global Environment Facility Programme Washington : IBRD, 2006)

१५ Scott, पाना ६२।

धारा ८ (जे) र सम्बन्धित प्रावधानहरू, पहुँच तथा फाइदाको बाँडफाँड र संरक्षित क्षेत्रहरू।

विशेषज्ञहरूको समूहको गठन समय-समयमा महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलन□ारा हुन्छ। यसका सदस्यहरू राष्ट्रिय सरकारहरू□ारा मनोनित विशेषज्ञहरूको सूचीबाट छानिन्छन्। यस्ता सरकारहरू□ारा मनोनित केही आदिवासीहरूले विशेषज्ञहरूको समूहको विभिन्न बैठकमा भाग लिएका छन्।

प्राविधिक विशेषज्ञहरूको तदर्थ समूह केही खास क्षेत्रहरूमा काम अघि बढाउनका लागि महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलन□ारा वा वैज्ञानिक, यान्त्रिक तथा प्राविधिक सल्लाहसम्बन्धी सहयोगी अंग□ारा निर्माण गरिन्छन्। यस्ता समूहहरू जैविक विविधता तथा जलवायु परिवर्तन, वनजंगल, सामुद्रिक तथा समुद्र किनारका संरक्षित क्षेत्रहरू, सुख्खा क्षेत्र तथा सम्बन्धित पर्यावरण एवं शिक्षा तथा जनचेतनाका क्षेत्रहरूमा निर्माण गरिएका छन्। यस्ता समूहका सदस्यहरू अन्तर्राष्ट्रिय विशेषज्ञहरूको एउटा सानो सूचीबाट छानिन्छन्।[१६]

महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलनले 'पक्ष'हरूलाई उपलब्ध गराइने सल्लाहको क्षेत्र तथा गुणात्मकतामा सुधार ल्याउनु पर्ने आवश्यकतालाई स्वीकारेको छ। सम्मेलनले अहिले आफ्ना सबै कामहरूमा आदिवासीहरू तथा स्थानीय समुदायका प्रतिनिधिहरूको संलग्नतामा बृद्धि गरिरहेको छ।[१७]

## जैविक विविधतासम्बन्धी महासन्धिका कार्यक्षेत्रहरू के के हुन्?

जैविक विविधतासम्बन्धी महासन्धिको कार्यक्षेत्रअन्तर्गत महासन्धिले सम्बोधन गर्ने सबै विषयहरू अर्थात् जैविक विविधतासँग सम्बन्धित प्रत्येक विषयहरू पर्दछन्। महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलनका गतिविधिहरू खास खास कार्यक्रमहरूका वरिपरि संगठित हुन्छन्। यी कार्यक्रमहरू प्रथम पटक जैविक विविधतासम्बन्धी महासन्धिको पहिलो १० वर्षे (सन् १९९२-२००२) रणनीति तथा नीति निर्माणको अवधिमा अघि सारिएका थिए। त्यसपछि महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूले गरेको कामको प्रगति मूल्याङ्कन तथा कार्यान्वयन गर्ने लक्ष्यमा केन्द्रित भएको छ। हाल आएर राष्ट्रिय स्तरको कार्यान्वयन प्राथमिकताको विषय बनिरहेको छ।

महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलनले आफ्नो कामलाई व्यवस्थित गर्नका लागि केही 'विषयगत कार्यक्रमहरू' तथा 'अन्तरसम्बन्धित सवालहरू' लाई अघि सारेको छ।[१८]

---

१६ Scott, पाना ६२-६३।
१७ Scott, पाना २८।
१८ Scott, पाना ६४।


विषयगत कार्यक्रमहरूअन्तर्गत निम्नलिखित कुराहरू पर्दछन् :

- वनजंगलको जैविक विविधता
- कृषिजन्य जैविक विविधता
- सामुद्रिक तथा समुद्र किनारको जैविक विविधता
- खोला, नदी तथा तालहरूको जैविक विविधता
- सुख्खा क्षेत्रको जैविक विविधता
- हिमाली जैविक विविधता
- टापुहरूको जैविक विविधता

अन्तरसम्बन्धित सवालहरूअन्तर्गत निम्नलिखित कुराहरू पर्दछन् :

- पहुँच तथा फाइदाको बाँडफाँड
- नयाँ प्रजातिहरू
- संरक्षित क्षेत्रहरू
- परम्परागत ज्ञान
- दिगो उपयोग
- सूचकांकहरू
- पारिस्थितिक विधि (इकोसिस्टम)
- विश्वव्यापी वर्गीकरण प्रयत्न
- असर मूल्याङ्कन
- जैविक विविधता तथा पर्यटन
- प्रविधि हस्तान्तरण तथा सहयोग

## चित्र २ : जैविक विविधतासम्बन्धी महासन्धिका कार्यक्षेत्रहरू[१९]




१९ Scott, पाना ६५।

## जैविक सुरक्षासम्बन्धी कार्टगेना 'प्रोटोकल' भन्नाले के बुझिन्छ?

'प्रोटोकल' महासन्धिको कुनै एउटा खास क्षेत्रलाई सम्बोधन गर्ने सहायक वा परिपूरक समझदारी हो। यो आफैंमा विशिष्ट एवं कानूनीरूपमा बाध्यकारी संयन्त्र हुन्छ। महासन्धिमा हस्ताक्षर गर्ने र नगर्ने राष्ट्र दुबैले उपलेख (प्रोटोकल) मा सहमति जनाउन सक्दछन्।[२०] जैविक विविधतासम्बन्धी महासन्धिसँग सम्बन्धित एउटा उपलेख नै जैविक सुरक्षासम्बन्धी उपलेख (Cartagena Protocol on Biodiversity) हो। यो उपलेख खास गरेर वंशाणुगतरूपले परिवर्तित बालिनालीको आयातबाट जोखिममा परेका आदिवासीहरूका लागि मह□वपूर्ण छ। कतिपय युरोपेली तथा विकासोन्मुख राष्ट्रहरूले संयुक्त राज्य अमेरिका एवं अन्य राष्ट्रहरूबाट आयातित वंशाणुगतरूपले परिवर्तित खाद्यान्नबाट उत्पन्न स्वास्थ्यजन्य एवं पर्यावरणीय खतराहरूका बारे चिन्ता व्यक्त गरेपछि यो उपलेखको विकास गरिएको हो। यसलाई सन् २००० को पूर्वार्द्धमा १३० राष्ट्रहरूले अघि सारेका थिए, जसलाई सन् २००३ को जुन महिनामा कार्टगेनामा औपचारिकरूपमा स्वीकृत गरिएको थियो। यस उपलेखले निर्यातकर्ता राष्ट्रहरूलाई आफ्ना उत्पादनहरूमा (यसमा बीउबिजन, खाद्यान्न बाली, गाईवस्तु र फलफूलका बिरूवाहरू समावेश छन्) वंशाणुगतरूपले परिवर्तित जीवाणुहरू भएमा सो उत्पादन आयात गर्ने राष्ट्रलाई त्यसको बारेमा सूचित गर्नुपर्ने व्यवस्था गरेको छ।[२१]

## जैविक विविधतासम्बन्धी महासन्धि अन्य अन्तर्राष्ट्रिय सम्झौताहरूसँग कसरी सम्बन्धित छ?

जैविक विविधतासम्बन्धी महासन्धिले यससँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय सम्झौताहरूसँग सहकार्यजन्य सम्बन्ध स्थापित गरेको छ। जस्तै जैविक विविधतासम्बन्धी महासन्धि र सिमसार क्षेत्रसँग सम्बन्धित रामसार महासन्धिले[२२] सञ्चालन गरेको एउटा संयुक्त कार्यक्रम, जैविक विविधतासम्बन्धी महासन्धि र संयुक्त राष्ट्रसंघीय वनजंगलसम्बन्धी मञ्च (United Nations Forum on Forests) ले सञ्चालन गरेको एक संयुक्त कार्यशालामा अपनाइएका छन्। जैविक विविधतासम्बन्धी महासन्धि र संयुक्त राष्ट्रसंघीय आदिवासी स्थायी मञ्च (United Nations Permanent Forum on Indigenous Issues) को कुरा गर्ने हो भने स्थायी मञ्चको अन्तर-संस्था सहयोगी समूह (Inter-

२० Oldham, पाना २८।

२१ "Genetic Engineering," *Microsoft Encarta* (Redmond, WA: Microsoft Corporation, 2005) .

२२ सिमसार क्षेत्रसँग सम्बन्धित रामसार महासन्धि सन् १९७१ मा इरानको रामसार शहरमा अनुमोदन भएको हो। यस अन्तर्गत सदस्य राष्ट्रहरूले कम्तीमा पनि एउटा सिमसार क्षेत्रलाई संरक्षित परियोजनाको रूपमा घोषणा गर्नु पर्दछ। यसो गरेर ती राष्ट्रहरूले अन्तर्राष्ट्रिय मह□व को सिमसार क्षेत्रको सूचीमा (List of Wet lands या International Importance) वृद्धि गर्दछन्। 'रामसार सूची' मा ५०० भन्दा बढी ठाउँका सिमसार क्षेत्रहरू पर्दछन्, जसको कूल क्षेत्रफल ३ करोड हेक्टर (४.८ करोड विघा) भन्दा बढी छ।'


Agency Support Group) अन्तर्गत जैविक विविधतासम्बन्धी महासन्धिको सचिवालय पनि पर्दछ। यी सबै सहकार्यहरूले जैविक विविधतासम्बन्धी महासन्धिले आफ्ना गतिविधिहरूलाई महासन्धिसँग सम्बन्धित सम्झौताहरूसँग तालमेल गर्न खोजेको देखाउँदछ। यसले आदिवासीहरू तथा स्थानीय समुदायहरूलाई जैविक विविधतासम्बन्धी महासन्धिका गतिविधिहरूमा सहभागी हुनका लागि अवसरहरू उघारिदिएको छ। साथसाथै यसले अन्य अन्तर्राष्ट्रिय प्रक्रियाहरू एवं महासन्धिहरूमा पनि योगदान पु□याइरहेको छ।[२३]



२३ Oldham, पाना २९।

# भाग २

# आदिवासीहरूका लागि प्रत्यक्षरूपमा सम्बन्धित जैविक विविधतासम्बन्धी महासन्धिका मुख्य सवाल तथा विषयहरू



# जैविक विविधतासम्बन्धी महासन्धिका कुन कुन प्रावधान तथा धाराहरू आदिवासीहरूका लागि प्रत्यक्षरूपमा सम्बन्धित छन्?

जैविक विविधतासम्बन्धी महासन्धिका विषयवस्तुहरूका बारेमा विशेषतः उनीहरूको जीवनमा प्रत्यक्ष असर पार्ने सम्भावना रहेका प्रावधानहरूका बारेमा जानकार हुन आदिवासीहरूका लागि मह□वपूर्ण हुन्छ। जैविक विविधतासम्बन्धी महासन्धिमा जम्मा ४२ धाराहरू एवं २ परिशिष्टहरू रहेका छन्। हालसम्म १८८ राष्ट्रहरूले महासन्धिलाई अनुमोदन गरिसकेका छन्। आदिवासीहरूले आफ्ना राष्ट्रहरूलाई महासन्धिमा व्यक्त अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूका बारेमा जवाफदेही बनाउन सक्दछन्।

अर्कोतर्फ जैविक विविधतासम्बन्धी महासन्धिमा आदिवासीहरूको हितमा प्रतिकूल असर पार्ने प्रावधानहरू पनि रहेका छन्। आदिवासीहरूको हक अधिकारलाई समुन्नत बनाउनका लागि महासन्धिका त्यस्ता प्रावधानहरूको आलोचना गरिनुका साथै तिनीहरूमा सुधार ल्याउनका लागि गरिने प्रयत्नहरूलाई जारि राखिनु पर्दछ। महासन्धिको प्रक्रियामा सहभागिता जनाउने आदिवासीहरूले ध्यान दिनुपर्ने महासन्धिका सबैभन्दा मह□वपूर्ण प्रावधानहरू निम्नानुसार छन् :[२४]

## प्रस्तावना

परम्परागत तवरले जीवन निर्वाह गरिरहेका धेरैजसो आदिवासी तथा स्थानीय समुदायहरूको जैविक स्रोतहरूमाथिको नजिकको एवं परम्परागत निर्भरता, जैविक विविधताको संरक्षणका लागि तथा त्यसका अवयवहरूको दिगो उपयोगका लागि सान्दर्भिक रहेका परम्परागत ज्ञान, आविष्कार तथा व्यवहारहरूबाट हुने फाइदाको न्यायपूर्ण बाँडफाँडको अपेक्षालाई मान्यता दिइनेछ।

जैविक विविधताको संरक्षण एवं दिगो उपयोगमा महिलाहरूले खेल्ने मह□वपूर्ण भूमिकालाई मान्यता दिंदै र जैविक विविधताको संरक्षणका लागि नीति निर्माण तथा कार्यान्वयनको सबै तहमा महिलाहरूलाई पूर्णरूपमा सहभागी बनाउनुपर्ने आवश्यकतालाई सुनिश्चितता गरिने छ।[२५]

---

२४ Tebtebba Foundation, *Overview-Relevant CBD Articles in Nutshell* (seminar kit for the Asia Regional Capacity Building and Strategy Workshop on the Implementation of the CBD, 25-27 april 2005, Baguio City, Philippine)

२५ यो र यसपछिका जैविक विविधतासम्बन्धी महासन्धिका उद्धरणहरू खास नेपाली अनुवाद हुन्। अंग्रेजी पूर्ण पाठका लागि हेर्नुहोस्, जैविक विविधतासम्बन्धी महासन्धिको वेबसाइट http:/www.biodiv.org/convention/convention.shtml/

## धारा ८ (जे) : परम्परागत ज्ञान

प्रत्येक महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूले सम्भव भएसम्म र उपयुक्त माध्यमबाटः (जे) आफ्नो राष्ट्रिय कानूनहरूको अधिनमा रही जैविक विविधताको संरक्षण एवं दिगो उपयोगका लागि सान्दर्भिक परम्परागत जीवनशैली रहेका आदिवासी तथा स्थानीय समुदायको ज्ञान, आविष्कार तथा व्यवहारहरूलाई सम्मान, संरक्षण एवं निरन्तरता दिन त्यस्ता ज्ञान, आविष्कार तथा व्यवहारहरूका वाहक समूहहरूको सहमति र सहभागिताका ती ज्ञान, आविष्कार तथा व्यवहारहरूलाई अझ बढी व्यापकरूपमा लागू गर्नका लागि प्रबर्द्धन गरिनुका साथै त्यस्ता ज्ञान, आविष्कार तथा व्यवहारहरूको प्रयोगबाट हुने फाइदाको न्यायपूर्ण बाँडफाँडलाई प्रोत्साहन गरिने छ।

## धारा १० (सी) : दिगो उपयोग

सबै महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूले सम्भव भएसम्म र उपयुक्त माध्यमबाटः (सी) संरक्षण वा दिगो उपयोगका आवश्यकताहरूसँग तादाम्यता राख्ने परम्परागत सांस्कृतिक व्यवहारअनुरूप जैविक स्रोतहरूको परम्परागत उपयोगलाई संरक्षण तथा प्रोत्साहन गरिने छ।

## धारा १५ : आनुवांशिक स्रोतहरूमा पहुँच

१) राज्यहरूको आफ्नो प्राकृतिक स्रोतहरूमाथिको सार्वभौम अधिकारलाई मान्यता दिंदै, आनुवांशिक स्रोतहरूमाथिको पहुँचलाई निर्धारण गर्ने अधिकार राष्ट्रिय सरकारसँग रहन्छ, र त्यस विषयलाई राष्ट्रिय कानूनहरूमा व्यवस्थित गरिन्छ।

२) सबै महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूले अन्य महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूले गर्नसक्ने पर्यावरणीय दृष्टिकोणले उपयुक्त आनुवांशिक स्रोतहरूको प्रयोगका लागि ती स्रोतहरूमाथिको पहुँचलाई सुगम बनाउने वातावरण निर्माण गर्न प्रयास गर्नेछन्, साथै उनीहरूले यस महासन्धिको उद्देश्यविपरीत हुने गरी कुनै बन्देजहरू लगाउने छैनन्।

४) यदि पहुँच उपलब्ध गराइएमा त्यो महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूले मानेको शर्तमा यस धाराका प्रावधानहरू अनुरूप हुनेछ।

५) आनुवांशिक स्रोतहरूमाथिको पहुँच सो स्रोत उपलब्ध गराउने पक्षको अग्रिम सूचना र सहमतिको विषय हुनेछ, र यो विषय सो पक्षले निर्धारण नगरेसम्म रहनेछ।

## धारा १६ : प्रविधिमाथिको पहुँच तथा हस्तान्तरण

धारा १६ (२) अनुसार प्रविधिमाथिको पहुँच तथा हस्तान्तरण 'प्रतिलिपि तथा

बौद्धिक सम्पत्तिमाथिको अधिकारको विषयभित्र पर्दछ। यी कुराहरू प्रभावकारी संरक्षणलाई मान्यता दिने एवं तिनीहरूअनुरूप हुनु पर्दछ। धारा १६ (३) ले महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूलाई प्रविधिमाथिको पहुँच र हस्तान्तरणलाई उपलब्ध गराउन कानूनी, प्रशासनिक वा नीतिगत उपायहरू अवलम्बन गर्न निर्देश गरेको छ। प्रतिलिपि□ारा संरक्षित प्रविधि र अन्य प्रकारका बौद्धिक सम्पत्तिहरूका विषयको पहुँच र हस्तान्तरण गर्नका लागि अन्तर्राष्ट्रिय कानूनका मापदण्डअनुरूप गरिएको हुनुपर्दछ। धारा १६ (४) ले महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूलाई 'प्रविधिको संयुक्त विकास तथा हस्तान्तरणमा' निजी क्षेत्रको सहभागितालाई सुगम बनाउन कानूनी, प्रशासनिक वा नीतिगत उपायहरू अवलम्बन गर्न निर्देश गरेको छ। धारा १६ (५) ले जैविक विविधतासम्बन्धी महासन्धिका 'कार्यान्वयनमा प्रतिलिपि तथा अन्य बौद्धिक सम्पत्तिमाथिको अधिकारले असर गर्नसक्ने कुरालाई' स्वीकारेको छ। तर, राज्यहरूलाई 'त्यस्ता अधिकारहरू' जैविक विविधतासम्बन्धी महासन्धिका उद्देश्यहरूलाई 'सहयोग पु□याउने खालका एवं तिनीहरूका विपरीत नहुन् भनेर सुनिश्चित गर्न' सहयोगी भूमिका खेल्न पनि धारा १६ (५) ले निर्देश गरेको छ।

### धारा १७ (२) : सूचनाको आदानप्रदान

सूचनाको यस्तो आदानप्रदानअन्तर्गत प्राविधिक, वैज्ञानिक तथा सामाजिक-आर्थिक अनुसन्धानका परिणामहरूको आदानप्रदान पर्दछन्, साथसाथै तालिम तथा सर्वेक्षण कार्यक्रमहरूका बारेमा सूचना, विशिष्टीकृत ज्ञान, आदिवासी तथा परम्परागत ज्ञान, स्वयं तथा धारा १६, अनुच्छेद १ मा उल्लेख भएको प्रविधिहरूसँग संयुक्तरूपमा पनि हुन सक्दछ। यसअन्तर्गत सम्भव भएसम्म सूचनाको प्रत्यावर्तन पनि समावेश भएको हुन्छ।

### धारा १८ (४) : प्राविधिक तथा वैज्ञानिक सहयोग

राष्ट्रिय कानून एवं नीतिहरूअनुरूप रहेर महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूले यस महासन्धिको अवलम्बनको लागि आदिवासीहरूको परम्परागत प्रविधिहरूको संलग्नतासँगै प्रविधिहरूको प्रयोग र विकासका लागि सहयोगका विधिहरूलाई प्रोत्साहन एवं विकास गर्नेछन्। यस उद्देश्यका लागि महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूले कामदारहरूको तालिम तथा विशेषज्ञहरूको आदानप्रदानमा आपसी सहयोगलाई प्रवर्द्धन गर्नेछन्।

## जैविक विविधतासम्बन्धी महासन्धि र त्यसका प्रावधानहरूका बारेमा आदिवासीहरूका आलोचनाहरू

जैविक विविधतासम्बन्धी महासन्धिका माथि उल्लिखित धाराहरू आदिवासीहरूका लागि मह□वपूर्ण छन्, किनकि ती धाराहरूले जैविक स्रोतहरू तथा परम्परागत ज्ञानमाथि

आदिवासीहरूको अधिकारलाई संरक्षण गर्ने दिशामा सम्भावनाका ढोकाहरू खोलिदिएका छन्। जैविक विविधतासम्बन्धी महासन्धिमा परम्परागत जीवनशैली भएका आदिवासी तथा स्थानीय समुदायहरूलाई किटेरै उल्लेख गरिएको छ, र जैविक विविधताको संरक्षणमा उनीहरूले खेलेको प्रमुख भूमिकालाई मान्यता दिइएको छ। त्यस्तै गरेर महासन्धिमा परम्परागत सांस्कृतिक प्रचलनअनुरूप जैविक स्रोतहरूको परम्परागत उपयोगलाई मान्यता दिइनुका साथै तिनीहरूलाई संरक्षण तथा प्रोत्साहन गरिनु पर्ने कुरा पनि उल्लेख गरिएको छ।

तर, जैविक विविधतासम्बन्धी महासन्धिका धाराहरूमा कमजोरीहरू पनि छन्, जसलाई विगतमा आदिवासीहरूले आलोचना गरेका छन्। राष्ट्रिय सरकारहरूले महासन्धिलाई कार्यान्वियन गर्ने सन्दर्भमा महासन्धिमा प्रयोग गरिएका 'पर्याप्त', 'प्रभावकारी' वा 'उपयुक्त' जस्ता शब्दावलीहरूलाई व्यापक एवं बहुअर्थ लगाउने गरिन्छ। त्यस्तै गरेर 'सम्भव भएसम्म', 'उपयुक्त भएसम्म' र 'राष्ट्रिय कानूनहरूअनुरूप' जस्ता शब्दावलीले राष्ट्रिय सरकारहरूलाई महासन्धिका प्रावधानहरूलाई आफ्नै हित वा स्वार्थअनुरूप व्याख्या गर्ने अवसर प्रदान गर्दछ।

त्यस्तै, 'आदिवासीहरू र स्थानीय समुदायहरू' (Indigenous Peoples and local Communities) भन्ने महासन्धिको शब्दावलीको ठाउँमा 'आदिवासी तथा स्थानीय समुदायहरू' (Indigenous and Local Communities) को प्रयोगले आफैंमा आदिवासीहरूको अधिकारलाई कुण्ठित गरिदिएको छ। *(स्पष्टीकरण : आदिवासी मात्र उल्लेख गर्दा आदिवासीहरूको कानूनी अस्तित्वलाई स्वीकार गर्दैन।)* अहिले भएका साथै हाल निर्माणाधीन अन्तर्राष्ट्रिय महासन्धि, घोषणापत्र आदिहरूमा उल्लेख गरिएतापनि आदिवासीहरूलाई 'पिपल्स' (Peoples) को रूपमा उनीहरूको अस्तित्व तथा भूभाग, भाषा, पूर्वसुसूचित सहमति र आफ्ना ज्ञानहरूमाथि नियन्त्रण रहनेजस्ता आत्मनिर्णयको अधिकारहरूलाई मान्यता दिइएको छैन।

जैविक विविधतासम्बन्धी महासन्धिको धारा १५ ले विश्वमा व्यापकरूपमा रहेका आनुवांशिक स्रोतहरूमाथिको आदिवासीहरूको अधिकारलाई मान्यता दिन सकेको छैन। वास्तवमा महासन्धिले प्राकृतिक स्रोतहरूमाथि राज्यको सार्वभौम अधिकारलाई मात्र स्वीकार गरेको छ, र त्यही भू–भागमा बसिरहेका आदिवासीहरूको अधिकारलाई बेवास्ता गरेको छ। यसैकारणले आदिवासीहरूको आफ्नो आनुवांशिक तथा प्राकृतिक स्रोतहरूमाथिको स्थायी सार्वभौम अधिकार खतरामा पर्न गएको छ।

जैविक विविधतासम्बन्धी महासन्धिले आदिवासीहरूलाई 'अधिकारी' को रूपमा स्वीकार नगरेर उनीहरूलाई 'सरोकारवालाहरू' को स्तरमा झारिदिएको छ। यस्तो 'सरोकारवाला' मा आदिवासीहरूका साथै निगम अर्थात् कर्पोरेसनहरू, प्राज्ञिक संघ–संस्थाहरू, गैरसरकारी संस्थाहरू र लगभग सबैजसो राज्य स्तरमा नपरेका संघसंस्थाहरू पर्दछन्। महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूले 'पूर्ण तथा प्रभावकारी सहभागिता' (Participation) को ठाउँमा 'पूर्ण तथा प्रभावकारी संलग्नता (Involvement)' अपनाए पुग्दछ। त्यस्तै गरेर विभिन्न 'कानून' हरूमा लिपिबद्ध भइसकेको आदिवासीहरूको 'पूर्वसुसूचित सहमति (Consent)' को अधिकारको ठाउँमा 'पूर्वसुसूचित संलग्नता

(Involvement)' लिए पुग्दछ भन्ने व्यवस्था गरेको छ।[२६]

प्रविधिमाथिको पहुँच तथा हस्तान्तरणसँग सम्बन्धित जैविक विविधतासम्बन्धी महासन्धिको धारा १६ ले जैविक स्रोतहरूको 'व्यापारीकरण' (Commodification)[२७] मा जोड दिएको छ। यस्तो 'व्यापारिकरण' प्रतिलिपि तथा बौद्धिक सम्पत्तिमाथिको अधिकारबाट निर्देशित हुनेछ। व्यक्तिगत अधिकारको रूपमा बौद्धिक सम्पत्तिमथिको अधिकार परम्परागत ज्ञानको संरक्षण गर्ने कुराको विपरीत छ। परम्परागत ज्ञान एउटा पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण हुने समुदायको सम्पदा हो। यस्तो सामुदायिक सम्पदाको एउटा अंगलाई निजीकरण गर्न वा सार्वजनिक क्षेत्रको अधिनमा राख्न दिइनु हुँदैन। आनुवांशिक स्रोत तथा परम्परागत ज्ञानको व्यापारीकरणले त्यस्ता स्रोत तथा ज्ञानमाथिको सामुहिक स्वामित्वलाई अस्वीकार गरेर त्यस्ता स्रोत तथा ज्ञानमाथि व्यक्तिगत सम्पत्तिको अधिकारलाई मान्यता दिन्छ।[२८]

## जैविक विविधतासम्बन्धी महासन्धिका विषयगत कार्यक्रमहरू कसरी आदिवासीहरूका लागि सान्दर्भिक छन्?

यसभन्दा माथि भनिए झैं जैविक विविधतासम्बन्धी महासन्धिका कार्यक्रमहरू 'विषयगत क्षेत्रहरू' मा विभाजित छन्। तल जैविक विविधतासम्बन्धी महासन्धिका यी विभिन्न क्षेत्रहरूका बारेमा टिप्पणी गरिएको छ। यी क्षेत्रहरूको आदिवासीहरूका लागि सान्दर्भिकता एवं ती क्षेत्रका बारेमा आदिवासीहरूको आफ्नो विचार पनि तलको टिप्पणीमा समावेश गरिएको छ।[२९]

### कृषिजन्य जैविक विविधता

आदिवासीहरूका लागि कृषिजन्य जैविक विविधताअन्तर्गत पर्ने खाना तथा खेतीपातिका लागि प्रयोग गरिने बोटबिरूवा तथा जनावरका सबै प्रजातिहरूका साथै स–साना जिवाणु तथा च्याउजस्ता बोटबिरूवासँग सम्बन्धित आनुवांशिक स्रोतहरू सरोकारका सर्वाधिक विषय हुन्। कृषिजन्य जैविक विविधता खाना र आय स्रोतको मात्र स्रोत नभएर त्यसले लुगा, बास, औषधी तथा नयाँ नयाँ किसिमका बोटबिरूवा र जनावरहरूलाई उत्पादन

---

२६ पूर्वसुसूचित 'सहमति'को सिद्धान्त कानून तथा नीतिशास्त्रमा चलनचल्तीको सिद्धान्त हो। यसले कुनै व्यक्तिलाई असर गर्ने वा हानी गर्ने केही कुरा भएमा सोको बारेमा सम्बन्धित व्यक्तिलाई पहिले नै पूर्णरूपले जानकारी हुनु पर्दछ भन्ने मान्य राख्दछ। जसले गर्दा सो कुरालाई स्वीकार गर्ने वा अस्वीकार गर्ने बारेमा सम्बन्धित व्यक्तिले सुसूचित निर्णय लिन सक्दछ।

२७ Commodity अर्थात् व्यापारिकरण गर्नु भनेको कुनै चिजलाई व्यापारिक वस्तुमा बदलिनु वा त्यसलाई व्यापारिकरूपमा प्रयोग गर्नु हो। यसरी, भूमि, सांस्कृतिक वस्तुहरू तथा परम्परागत ज्ञानलाई आर्थिक फाइदाको लागि व्यापारिकरण गर्न सकिन्छ।

२८ Tebtebba, Overview.

२९ Tebtebba Overview.

गर्नका लागि आवश्यक कच्चा पदार्थहरू पनि प्रदान गर्दछन्। त्यस्तै, जैविक विविधताले माटोको उत्पादनशीलतालाई कायम राख्न तथा माटो र पानीको संरक्षण गर्नमा पनि योगदान पु□याउँदछ।

विश्वको भूमिमध्ये झण्डै एक तिहाई क्षेत्र खाद्यान्न उत्पादनका लागि प्रयोग गरिन्छ। हालैका वर्षहरूमा कृषिको विस्तार साथै बढ्दो चरण तथा शहरी एवं औद्योगिक बृद्धिले गर्दा वनजंगलले ढाकेको तथा सिमान्तकृत भूमिको ठूलो भूभागको जैविक विविधतामा व्यापकरूपमा ह्रास आएको छ। यस्तो वनजंगलले ढाकेको तथा सिमान्तकृत भूमि धेरैजसो आदिवासीहरूको बसोबास गर्ने क्षेत्र हो। लगभग १२,००० वर्ष अघि कृषिको शुरूवात भएदेखि मानिसहरूले अहिलेसम्म लगभग ७००० प्रजातिका बोटबिरूवाहरू खाद्य पदार्थको रूपमा खेतीपाती तथा संकलन गरिसकेका छन्। हाल लगभग १५ वटा बोटबिरूवाका प्रजातिहरू तथा ८ वटा जनावरका प्रजातिहरूले ९० प्रतिशत खाद्य पदार्थ उपलब्ध गराउँदछन्।

जैविक विविधतासम्बन्धी महासन्धिको कृषिजन्य जैविक विविधताको कार्यक्रमले विश्वको कृषिजन्य जैविक विविधताको स्तरलाई मूल्याङ्कन गर्नुका साथै त्यस्तो विविधतालाई असर गर्ने प्रवृत्तिहरूको पनि मूल्याङ्कन गर्दछ। साथै, सो कार्यक्रमले त्यस्तो विविधताको व्यवस्थापनसँग सम्बन्धित स्थानीय ज्ञानको स्तरको पनि मूल्याङ्कन गर्दछ। कार्यक्रमले संरक्षण तथा कृषिका लागि मूल्यवान आनुवांशिक स्रोतहरूको दिगो उपयोगलाई पनि प्रबर्द्धन गर्दछ। त्यस्तै गरेर कार्यक्रमले 'आनुवांशिक प्रयोगलाई सीमित गर्ने प्रविधि' (Genetic Use Restriction Technologies)[३०] को विकासमा ध्यान केन्द्रित गर्नुका साथै त्यस्ता प्रविधिले कृषिजन्य जैविक विविधतामा पार्ने सम्भाव्य असरहरूका बारेमा पनि अध्ययन गर्दछ। जैविक विविधतासम्बन्धी महासन्धिले

> (.....)कृषि क्षेत्रको जैविक विविधताको संरक्षण तथा दिगो उपयोगका लागि कृषक समुदायहरू, आदिवासी तथा स्थानीय समुदायहरूसमेतको ज्ञान तथा व्यवहारहरूलाई विकास गर्न निरन्तरता दिन र प्रयोगमा ल्याउनका लागि ती समुदायहरूलाई परिचालन गर्न आव्हान गर्दछ।

कृषिजन्य जैविक विविधताको विकेन्द्रिकृत व्यवस्थापन खाद्यप्रणाली, जीविकोपार्जन तथा पर्यावरणहरूलाई दिगो बनाउनका लागि एउटा आवश्यक पूर्वशर्तका रूपमा बढ्दो मात्रामा देखिन थालिएको छ। तथापि, वर्तमान अवस्थामा परम्परागत तथा दिगो

---

३० 'आनुवांशिक प्रयोगलाई सीमित गर्ने प्रविधि' (Genetic Use Restriction Technologies) जसलाई विनाशकारी (terminator) प्रविधि पनि भनिन्छ। हाल परिक्षणको रूपमा रहेको आनुवांशिक इन्जिनियरि□ प्रविधि हो। यसले कुनै एउटा आनुवांशिक तत्वलाई नियन्त्रण गरेर वा त्यसलाई मौलाउने मौका दिएर कुनै एउटा बोटबिरूवाको किसिममा वा त्यसको कुनै एउटा विशेष गुणमा नियन्त्रण गर्दछ। –Canadian Food Inspection Agency, "What are GURTS?" Plant Biosafety, 4 May 2007, Government of Canada, 7 May 2007 <http://www.inspection.gc.ca/english/plaveg/bio/gurtse.shtml>.

तरिकाले गरिने खेतीपातीबाट आधुनिक तथा सघन प्रणालीतर्फ द्रुत गतिले विकसित भइरहेको छ, जुन कृषिजन्य जैविक विविधताका लागि विनाशकारी छ। यस सन्दर्भमा स्थानीय कृषि प्रणालीहरूलाई सहयोग पु□याउन तथा कृषिमा जीवनयापन गर्ने कृषकहरूको जीविकोपार्जनमा सुधार गर्न मह□वपूर्ण हुन जान्छ।

## सुक्खा तथा उप–आद्र क्षेत्रहरूको जैविक विविधता[३१]

सुक्खा तथा उप–आद्र क्षेत्रहरू दुई अर्बभन्दा बढी मानिसहरूका लागि बासस्थानका रूपमा रहेका छन्। यो विश्व जनसंख्याको लगभग ३५ प्रतिशत हो। विश्वका धेरैजसो खाद्यान्न बालीहरू तथा गाईवस्तुहरू पाइने सुक्खा तथा उप–आर्द्र क्षेत्रहरूको ब्यापक जैविक मह□व छ। अफ्रिकी महादेशका लगभग ७० प्रतिशत बासिन्दाहरू आफ्नो जीविकोपार्जनका लागि प्रत्यक्षरूपमा सुक्खा तथा उप–आर्द्र क्षेत्रहरूमा निर्भर छन्।

जीवन निर्वाहका लागि कृषिमा निर्भर समुदायहरूजस्ता धेरै समुदायहरू सुक्खा क्षेत्रको जैविक विविधतामा अत्याधिक मात्रामा निर्भर रहेका छन्। तर, यस्तो सुक्खा क्षेत्रको पर्यावरण प्रायजसो अत्याधिक मात्रामा असन्तुलित हुनुका साथै बासस्थान परिवर्तन, बढ्दो चरण तथा बढ्दो खेतीपाती, नयाँ प्रजातिहरूको प्रवेश, पानीको उपलब्धतामा परिवर्तन, प्राकृतिकरूपमा लाग्ने आगलागीको स्वरूपमा परिवर्तन तथा जलवायु परिवर्तनबाट यी क्षेत्रहरू ग्रसित छन्। त्यसैले सुक्खा तथा उप–आर्द्र क्षेत्रहरूको संरक्षण तथा दिगो उपयोगले जीविकोपार्जनको संरक्षण तथा विकास र गरिबी निवारणमा प्रमुख भूमिका निर्वाह गर्दछ। जैविक विविधताको अपूरणीय क्षति तथा त्यसले जीविकोपार्जनमा पार्ने नकारात्मक असरबाट जोगिनका लागि सुक्खा क्षेत्रअन्तर्गत तत्काल असन्तुलित भइजाने पर्यावरणहरूलाई तत्कालै प्राथमिकता दिनु आवश्यक छ।

सुक्खा तथा उप–आर्द्र क्षेत्रहरूका बारेमा गठित प्राविधिक विशेषज्ञहरूको तदर्थ समूहको बैठक दुई पटक बसिसकेको छ, र यसले वैज्ञानिक, यान्त्रिक तथा प्राविधिक सल्लाहसम्बन्धी सहयोगी अंगको कामहरूमा सुझाव तथा योगदान दिएको छ। महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलनको तथा वैज्ञानिक, यान्त्रिक तथा प्राविधिक सल्लाहसम्बन्धी सहयोगी अंग (SBSTTA) को आगामी बैठकहरूमा सुक्खा तथा उप–आर्द्र क्षेत्रहरूको जैविक विविधताको कार्यक्रमका बारेमा व्यापकरूपमा पुनर्मूल्या□्कन गरिनेछ।

## वनजंगलको जैविक विविधता

पारिस्थितिकीय प्रणालीअन्तर्गत (पृथ्वीमा रहेका) पाइने जैविक विविधताहरूमध्ये

३१ सुक्खा तथा उप–आद्र क्षेत्रहरूलाई संयुक्तरूपमा "सुक्ला क्षेत्र" (drylands) भनिन्छ। यी क्षेत्रहरूमा सुक्खा, अर्ध–सुक्खा वा सुक्खा–उप–आर्द्र पर्यावरण पाइन्छ। त्यसैले यी क्षेत्रहरू सजिलै त्यस्ता व्यवहारहरूबाट खतरामा पुग्न जान्छन् जसले मरूभूमिकरणतर्फ उन्मुख गराउँदछ।

वनजंगलको जैविक विविधता सबैभन्दा धनी जैविक विविधता हुनसक्छ। उष्ण क्षेत्रीय, समशितोष्ण क्षेत्रीय तथा उत्तरी क्षेत्रका वनजंगलहरूले बोटबिरूवा, जनावर तथा सुक्ष्म जिवाणुहरूका लागि विभिन्न थरिका बासस्थानहरू उपलब्ध गराउँदछन्। यी वनजंगलहरूमा पृथ्वीका अधिकांश बोटबिरूवा तथा जनावरका प्रजातिहरू पनि पाइन्छन्। यसका साथसाथै वनजंगलहरूले विश्वभरी आदिवासीहरूलगायत करोडौं मानिसहरूलाई जीविकोपार्जनका अवसरहरू पनि उपलब्ध गराउँदछन्। वनजंगलको जैविक विविधताले कैयन आदिवासीहरू तथा स्थानीय समुदायहरूको अस्तित्वमा मह□वपूर्ण आर्थिक, सामाजिक तथा सांस्कृतिक भूमिका निर्वाह गर्दछ।

विगत ८००० वर्षहरूमा पृथ्वीमा रहेको वनजंगलमध्ये ४५ प्रतिशत नष्ट भइसकेको छ। यसमध्ये धेरैजसो विगत एक सय वर्षमा नष्ट भएको हो। द्रुत गतिमा भइरहेको सबै प्रकारको वनजंगलको विनाश तथा विखण्डीकरण तथा स्तरमा आएको ह्रासले गर्दा वनजंगलको जैविक विविधता नष्ट भइरहेको छ। यसको प्रमुख कारक तत्वको रूपमा मानिस□ारा गरिने वनजंगललाई कृषि भूमिमा परिवर्तन गरिनु, बढ्दो चरण, घुमन्ते खेतीपाती, दिगो नभएको वन व्यवस्थापन, अतिक्रमणकारी नयाँ बोटबिरूवा तथा जनावरका प्रजातिहरूको प्रवेश, संरचना विकाश, खानी तथा तेलको अन्वेषण तथा उद्योगहरू, वनजंगलमा हुने आगलागी, प्रदुषण तथा जलवायु परिवर्तन आदि गतिविधिहरू रहेका छन्।

दिगो वन ब्यवस्थापनले आदिवासी र समुदायको पूर्ण तथा प्रभावकारी सहभागिताका लागि आदिवासी र समुदायमा आधारित वन व्यवस्थापन प्रणालीलाई मान्यता तथा सहयोग दिनु पर्दछ। जैविक विविधताको संरक्षण तथा दिगो उपयोगका लागि सल्लाह दिन तथा प्राथमिकताका क्षेत्रहरू सुझाउन वनजंगलको जैविक विविधताको बारेमा जैविक विविधतासम्बन्धी महासन्धिको प्राविधिक विशेषज्ञहरूको तदर्थ समूह गठन गरिएको छ। राष्ट्रिय स्तरमा सरकारहरूलाई '२०१० जैविक विविधता लक्ष्य' लाई अघि बढाउने उद्देश्यले वनजंगलको जैविक विविधतासम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि आव्हान गरिएको छ। '२०१० जैविक विविधता लक्ष्य' महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको छैटौं सम्मेलनमा अनुमोदन गरिएको थियो। यसले गरिबी न्यूनीकरण तथा पृथ्वीका सबै जीवजन्तुहरूको हितमा योगदान पु□याउने उद्देश्यले सन् २०१० सम्म विश्व, क्षेत्रीय एवं राष्ट्रिय स्तरमा हाल भइरहेको जैविक विविधताको विनाशलाई उल्लेख्यरूपमा घटाउने लक्ष्य लिएको छ।[३२]

## खोला, नदी तथा तालहरूको जैविक विविधता

यसअन्तर्गत नदी, ताल, पोखरी, खोला, जमिन सतहभित्रको पानी, झरनाको पानी, गुफाभित्रको पानी, समथर मैदानको बाढीको पानी, दलदल तथा सिमसार क्षेत्रहरू पर्दछन्। खोला, नदी तथा तालहरूको जैविक विविधता खाद्य स्रोत, आय आर्जन तथा जीविकोपार्जनलाई निरन्तरता दिनका लागि मह□वपूर्ण हुन्छ। यस्तो खास गरेर विकासोन्मुख देशहरूमा ग्रामीण क्षेत्रहरूका लागि मह□वपूर्ण हुन्छ। खोला, नदी तथा तालहरूको पर्यावरणका अन्य फाइदाहरूमा

३२ CBD Secretariat, "2010 Biodiversity Target," *The Convention on Biological Diversity,* n.d., 7 May 2007 <http://www.biodiv.org/2010-target/default.shtml>.

पानीको आपूर्ति, जलशक्ति उत्पादन, यातायात, मनोरञ्जन तथा पर्यटन, जलीय सन्तुलनको निरन्तरता, थेग्रान तथा पौष्टिक पदार्थहरूको निरन्तरता एवं विभिन्न प्रकारका बोटबिरूवा तथा जनावरहरूका लागि बासस्थानको उपलब्धता आदिलाई लिन सकिन्छ।

खोला, नदी तथा तालहरूको पर्यावरणलाई धेरै पटक व्यापकरूपमा मानिसद्वारा परिवर्तन गरिएको छ, र यो सबैभन्दा संकटमा परेको पर्यावरणमध्ये पर्दछ। औद्योगिकीकरण, द्रुत गतिमा हुने आर्थिक विकास एवं जनसंख्या बृद्धिले यी क्षेत्रहरूमा पर्यावरणीय परिवर्तन तथा जैविक विविधताको ह्रासलाई गम्भीररूपमा निम्त्याउन पुगेको छ। यी क्षेत्रहरूको पर्यावरण तथा त्यससँग सम्बन्धित जैविक स्रोतहरूको लागि मूख्य खतराको रूपमा भौगोलिक परिवर्तन, बासस्थानको ह्रास तथा क्षयीकरण, पानीको कमी, अत्याधिक दूरूपयोग, प्रदुषण तथा अतिक्रमणकारी नयाँ प्रजातिको प्रवेश रहेका छन्।

भूमिमाथिको स्वामित्व तथा जलचरमाथिको नियन्त्रण विवादास्पद विषयहरू बनेका छन्। बसाइसराई गर्ने माछाहरूको सन्दर्भमा यदि कुनै त्यस्तो माछाले आफ्नो जीवन–चक्रको कुनै अवधिमा आदिवासीहरूको परम्परागत क्षेत्रबाट यात्रा गरेमा सम्बन्धित आदिवासी समुदायले माछामाथि परम्परागत स्वामित्वको दाबी तथा सो माछा समात्ने ब्यक्तिले आफूहरूसँग परामर्श गर्नुपर्ने अधिकारको दाबी गर्न सक्दछन्। अर्कोतर्फ जैविक विविधतासम्बन्धी महासन्धिले राष्ट्रिय सार्वभौमसत्तालाई पहिचान गरेको हुनाले पाल्तुरूपमा नरहेका जलचरहरूको आनुवांशिक स्रोतहरूमाथि सम्बन्धित राष्ट्रको स्वामित्व रहने गर्दछ। सार्वजनिक भूमिमाथिको राष्ट्रहरूको सार्वभौम अधिकारले खोला, नदी तथा तालहरू तथा त्यसमा पाइने जीवजन्तुहरूलाई पनि समेट्दछ, र यी सबै कुरामाथि सम्बन्धित राष्ट्रको अधिकार रहने गर्दछ।

सामान्यतया, खोला, नदी तथा तालहरूको जैविक विविधतालाई संरक्षण गर्न तथा तिनीहरूले उपलब्ध गराउने वस्तु तथा सेवाहरूलाई सम्भार गर्न आवश्यक छ। त्यस्तै गरेर विश्वव्यापीरूपमा स्वच्छ पानीको माग पनि द्रुत गतिमा बढिरहेको छ। महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलनले 'पक्ष' हरूलाई खोला, नदी तथा तालहरूसँग सम्बन्धित परियोजनाहरूलाई प्राथमिकता दिन तथा आफ्ना राष्ट्रिय योजनाहरूमा खोला, नदी तथा तालहरूको पर्यावरणलाई सम्बोधन गर्ने कार्यक्रमहरू समावेश तथा कार्यान्वयन गर्न आव्हान गरेको छ।

## द्विपहरूको जैविक विविधता

प्रति इकाई क्षेत्रफलको अनुपातमा स्थानीय स्थानमा मात्र पाइने असंख्य प्रजातिहरूको बासस्थानको रूपमा द्विपहरू रहेका छन्। तर, द्विपहरूको यस्तो सम्मुन्नत जैविक विविधता उनीहरूको प्राकृतिक कमजोरीले गर्दा खतरामा परेको छ। वातावरणको परिवर्तन तथा उतारचढावले द्विपहरूको धेरै ठूलो भू–भागमा असर पारिरहेको छ, जसको परिणामस्वरूप उल्लेख्यरूपमा भूमि गुम्न पुगेको छ। यस्तो खास गरेर होचो द्विपहरूको सन्दर्भमा भएको छ। स–साना द्विपहरू, प्राकृतिक विपत्तिहरू तथा भूकम्प, ज्वालामुखि बिस्फोट, आँधीबेहरी, सामुद्रिक आँधी, बाढी एवं छालहरूबाट संकटमा पर्न सक्दछ। अर्को एउटा प्रमुख खतरा अतिक्रमणकारी नयाँ प्रजातिहरू हुन्। द्विपहरूमा रहेका स्थानीय बोटबिरूवा तथा जनावरहरूमा बाह्य प्रभावलाई प्रतिरोध गर्ने क्षमता कम

हुने हुनाले नयाँ प्रजातिहरूको प्रवेशले स्थानीय बोटबिरूवा तथा जनावरहरूलाई नष्ट गरिदिन सक्दछ। टापुहरूमा मात्र पाइने प्रजातिहरू त्यही ठाउँ विशेषमा मात्र पाइने र अन्यत्र नपाइने हुनाले तिनीहरू विशेष गरेर पर्यटन तथा वनको निर्माणजस्ता मानवीय गतिविधिहरूबाट प्रभावित हुने गर्दछन्। त्यस्तै गरेर तिनीहरू जनसंख्याको उतारचढाव, रोगब्याधी तथा आगलागीजस्ता प्राकृतिक तत्वहरूबाट पनि प्रभावित हुने गर्दछन्।

मह□वपूर्ण ठान्नुपर्ने के छ भने ि□पहरूमा बस्ने आदिवासीहरू तथा स्थानीय समुदायहरूको सांस्कृतिक विविधता तथा परम्परागत ज्ञान एवं ब्यवहारहरू अरू कतै नपाइने खालका हुन्छन्, र तिनीहरूलाई विशेष ध्यान दिइनु पर्दछ। ि□पहरूको जैविक विविधतासँग सम्बन्धित कार्यक्रमको विभिन्न पक्षहरूलाई लागू गर्दा आदिवासीहरू तथा स्थानीय समुदायहरूको अधिकारहरूलाई पूर्ण मान्यता दिइनु पर्दछ तथा सम्मान गरिनु पर्दछ। त्यस्तै गरेर उनीहरूको पूर्ण तथा प्रभावकारी सहभागिता एवं स्वतन्त्र तथा अग्रिम सुसूचित सहमतिको पनि सुनिश्चितता गरिनु पर्दछ।

## सामुद्रिक तथा समुद्र किनारको जैविक विविधता

पृथ्वीको ७० प्रतिशत भू-भाग समुद्रले ढाकिएको छ, र सामुद्रिक तथा समुद्र किनारको पर्यावरणले विविध तथा पानीमा पाइने अनेकौं जीवजन्तु तथा बोटबिरूवाहरूलाई धानेको छ। समुद्रमा पाइने जीवजन्तु तथा बोटबिरूवाहरूले हामीले फेर्ने एक-तिहाई अक्सिजन उत्पादन गर्दछन्, प्रोटिनका मह□वपूर्ण स्रोत उपलब्ध गराउँदछन्, र साथै विश्वव्यापी जलवायु परिवर्तनलाई सीमित गर्दछन्। सामुद्रिक तथा समुद्र किनारका जीवजन्तु तथा बोटबिरूवाहरूमा रूखहरू, मूगाका शृंखलाहरू, सामुद्रिक झार तथा घाँस एवं समुद्रको सतहदेखि समुद्रको गहिराइमा पाइने बोटबिरूवा तथा जीवजन्तुहरू पर्दछन्।

जैविक विविधतासम्बन्धी महासन्धिअन्तर्गत 'सामुद्रिक तथा समुद्र किनारको जैविक विविधतासम्बन्धी जकार्ता सहमति' नामक सामुद्रिक तथा समुद्र किनारको जैविक विविधताको संरक्षण तथा दिगो उपयोगका लागि एउटा कार्यक्रम सञ्चालन गरिएको छ। सो कार्यक्रम एकीकृतरूपमा सामुद्रिक तथा समुद्र किनारका क्षेत्रको व्यवस्थापन, जीवित स्रोतहरूको दिगो उपयोग, सामुद्रिक तथा समुद्र किनारका संरक्षित क्षेत्रहरू, सामुद्रिक तथा समुद्र किनारका स्रोतहरूको उपयोग (mariculture)[३३] एवं नयाँ प्रजातिहरूमा केन्द्रित रहेको छ।

'आदिवासी माछापालन तथा जैविक विविधतासम्बन्धी ज्ञान केन्द्र' (Centre for Indigenous Fisheries and Biodiversity-Related Knowledge) नामक संस्थाका अनुसार आदिवासीहरू खास गरेर खानाका लागि परम्परागत जलीय जैविक विविधतामा निर्भर रहेका छन्। परम्परागत जलीय जैविक विविधताको संकलन तथा उत्पादन गर्नु आदिवासी संस्कृतिको एउटा मह□वपूर्ण पक्ष हो। आदिवासीहरूको जलीय निर्भरतालाई संरक्षण गर्नका लागि विशेष उपायहरू कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ।

३३ "Mariculture" मानवीय उपभोग तथा व्यापारिक लाभका लागि सामुद्रिक बोटबिरूवा तथा जीवजन्तुहरूलाई तिनीहरूकै प्राकृतिक बासस्थानमा संकलन तथा उत्पादन गर्ने कार्य हो। यसको उदाहरणको रूपमा माछापालन तथा सामुद्रिक झारको खेतीलाई लिन सकिन्छ।

## हिमाली जैविक विविधता

हिमाली पर्यावरणले पृथ्वीको लगभग २७ प्रतिशत भूभाग ओगटेको छ, र विश्वका २२ प्रतिशत मानिसहरूलाई प्रत्यक्षरूपमा जीवन धान्न सघाएको छ। हिमाली क्षेत्रमा रोमाञ्चकारी प्राकृतिक दृश्यहरू, प्रजाति तथा बासस्थानहरूको व्यापक विविधता एवं आफ्नै विशेषता भएका मानव समुदायहरू पाइन्छन्। हिमालहरू सबै महादेश र अक्षांशहरूमा पाइनुका साथै तिनीहरूले विविध किसिमका पर्यावरणहरूलाई धानेका छन्। हिमाली क्षेत्रमा उल्लेख्य संख्यामा आफ्नै छुट्टै विशेषता भएका जातीय समूहहरू, सांस्कृतिक परम्पराहरू, वातावरणीय ज्ञान एवं बासस्थानका स्वरूपहरू पाइन्छन्। हिमालहरूले आदिवासीहरूको जीवनमा मह□वपूर्ण भूमिका खेलेका छन्, र कतिपय हिमालहरूलाई उच्च सम्मानका साथ हेरिनुका साथै तिनीहरूलाई पवित्र पनि मानिन्छ। तल्लो भूभागमा बस्ने मानिसहरू पनि विभिन्न वस्तु र सेवाहरूका लागि हिमाली पर्यावरणमा निर्भर रहने गर्दछन्। यस्ता वस्तु र सेवाहरूमा पानी, विद्युत, काठ, जैविक विविधताको निरन्तरता एवं मनोरञ्जनका अवसरहरू पर्दछन्।

हिमाली क्षेत्रको कृषि पर्यावरणले विभिन्न वातावरणीय अवस्था तथा मानवीय आवश्यकतामा बाँच्नसक्ने व्यापक विविधता भएको बोटबिरूवाहरूको विकास गरेको छ। यस्तो हिमाली जैविक विविधतालाई कृषि उत्पादनको निरन्तर आधुनिकीकरणले खतरामा पारिदिएको छ। यस्तो थोरै तथा आनुवांशिकरूपले कम विविधता भएको बोटबिरूवाहरूको प्रयोगले कृषि पर्यावरणमा नकारात्मक असर पारेको छ। अहिलेसम्म खेतीपातीका लागि प्रयोग नगरिएका हिमाली भू–भागमा कृषि उत्पादनको विस्तारले अन्य प्रजातिहरूको बासस्थानलाई क्षयीकरण गरिदिन्छ, र पर्यावरणको विनाशमा सघाउँदछ।

हिमाली क्षेत्रमा रहेको वनजंगलको पर्यावरण कृषिको विस्तारबाट खतरामा पर्न गएको छ। त्यस्तै गरेर त्यो दिगोरूपमा नगरिने वनजंगलको फँडानी तथा एकै प्रजातिका रूखहरू एवं बोटबिरूवाहरू भएको वनको स्थापनाबाट खतरामा पर्न गएको छ। हिमाली क्षेत्रको वनजंगलको पर्यावरणलाई नकारात्मक असर गर्ने अन्य तत्वहरूमा पर्यटन, जलविद्युत, उद्योग, खानी, वातावरण परिवर्तन, वायु प्रदुषण र अतिक्रमणकारी नयाँ प्रजातिहरूको प्रवेश आदि हुन्।

जैविक विविधतासम्बन्धी महासन्धिले हिमाली जैविक विविधताको कार्यक्रमलाई मह□व दिएको छ। राष्ट्रिय सरकारहरूलाई गरिबी न्यूनीकरणमा योगदान पु□याउन तथा हिमालमा निर्भर आदिवासी तथा स्थानीय समुदायहरूको हितका लागि आफ्नो हिमाली पर्यावरणहरूलाई संरक्षण गर्न एवं सन् २०१० सम्म हिमाली जैविक विविधताको ह्रासलाई उल्लेख्यरूपमा न्यूनीकरण गर्न आव्हान गरिएको छ।



# जैविक विविधतासम्बन्धी महासन्धिका अन्तर–सम्बन्धित विषयहरू कसरी आदिवासीहरूका लागि सान्दर्भिक छन्?

जैविक विविधतासम्बन्धी महासन्धिमा केही अन्तर–सम्बन्धित विषयहरू छन्। यी विषयहरूमा जैविक सुरक्षा, आनुवांशिक स्रोतमाथिको पहुँच, परम्परागत ज्ञान, आविष्कार तथा व्यवहारहरू, बौद्धिक सम्पत्तिमाथिको अधिकार, सूचकाङ्कहरू, वर्गीकरण, सार्वजनिक शिक्षा तथा सचेतना, प्रोत्साहनहरू तथा नयाँ प्रजातिहरू पर्दछन्।[३४] यी अन्तर–सम्बन्धित विषयहरूमध्ये केहीका बारेमा खुला तदर्थ कार्यदलहरू गठन गरिएका छन्, र कार्यक्रमहरू विकास गर्न थालिएका छन्। यी कार्यक्रमहरूको विकासमा आदिवासीहरू तथा स्थानीय समुदायहरूको सहभागिता कार्यक्रमको प्रक्रिया तथा परिणामहरूमा उनीहरूको अधिकार तथा आवश्यकताहरूलाई सुनिश्चित गर्नका लागि मह□वपूर्ण हुन सक्दछ। आदिवासीहरूका लागि सबैभन्दा बढी सान्दर्भिक रहेका केही अन्तर–सम्बन्धित विषयहरूका बारेमा तल चर्चा गरिनुका साथै ती विषयमा जैविक विविधतासम्बन्धी महासन्धिले चालेका कदमहरूका बारेमा पनि उल्लेख गरिएको छ।

## आनुवांशिक स्रोत तथा फाइदाको बाँडफाँडमाथिको पहुँच[३५]

आनुवांशिक स्रोत तथा फाइदाको बाँडफाँडमाथिको पहुँचको विषय विकासोन्मुख राष्ट्रहरू तथा आदिवासीहरूका लागि विशेष सरोकारको विषय हो। किनकि, आदिवासीहरूले बसोबास गरेको क्षेत्रहरूमा नै विश्वको अधिकांश जैविक विविधता पाइन्छ। तर, दूर्भाग्यवश यो जैविक विविधताको प्रयोग गरेर बनाइने व्यापारिक उत्पादनहरू जस्तै, धेरै उत्पादन दिने बोटबिरूवाका नश्लहरू, औषधी तथा श्रृंगारका साधनहरूबाट हुने फाइदाहरूको आदिवासीहरूले उचित तथा न्यायपूर्ण माग प्रस्तुत गर्न सकेका छैनन्।

सन् २००२ मा जैविक विविधतासम्बन्धी महासन्धि पक्षधर राष्ट्रहरूले 'आनुवांशिक स्रोतहरूमाथिको पहुँच तथा तिनीहरूको प्रयोगबाट हुने फाइदाको न्यायपूर्ण बाँडफाँडसम्बन्धी बोन निर्देशिका' (Bone Guidelines on Access to Genetic Resources and Fair and Equitable Sharing of the Benefits Arising out of their Utilization) लाई अनुमोदन गरे। यो निर्देशिका सरकार र अन्य सरोकारवालाहरूलाई आनुवांशिक स्रोतहरूमाथि पहुँच बनाउन तथा ती स्रोतहरूबाट हुने फाइदाको बाँडफाँडका निम्ति रणनीति निर्माण गर्न सघाउने उद्देश्यले आएको हो। यो निर्देशिकाले पहुँच तथा फाइदाको बाँडफाँडका प्रक्रियाका बारेमा सविस्तार उल्लेख गरेको छ। यसो गर्दा निर्देशिकाले कुनै संकलकले आनुवांशिक स्रोतहरूलाई कुनै विशेष उद्देश्यका लागि संकलन तथा प्रयोग गर्नुभन्दा अगाडि स्थानीय तथा आदिवासी समुदायहरूको सहभागितामा विशेष ध्यान दिनुपर्ने उल्लेख गरेको छ। यस निर्देशिकाले राष्ट्रहरूलाई आफ्नो आनुवांशिक स्रोतहरूमाथिको सार्वभौम अधिकारलाई अभिव्यक्त गर्ने सिलसिलामा न्यायपूर्ण कानून बनाउन सघाउँदछ।

---

३४ Oldham, पाना ३०।

३५ Tebtebba, Overview.

तथापि, 'बोन निर्देशिका' स्वेच्छिक भएपनि बाध्यकारी छैन। यसका प्रावधानहरूलाई आदिवासीहरू तथा स्थानीय समुदायहरूको हितलाई संरक्षण गर्नका लागि कानूनीरूपमा प्रयोग गर्न सकिँदैन। त्यति मात्र हैन, यो निर्देशिकालाई आनुवांशिक स्रोतको प्रयोग गर्न चाहनेहरूलाई लागू गर्नका लागि अनुरोध गर्नसमेत सकिँदैन। विकासोन्मुख राष्ट्रहरू तथा आदिवासीहरूका लागि सान्दर्भिक तथा फाइदाजनक हुनका लागि आनुवांशिक स्रोतहरूको व्यापारिक प्रयोगबाट हुने फाइदाको बाँडफाँड अनिवार्य अर्थात् बाध्यकारी हुनु पर्दछ। किनकि, यस्ता स्रोतहरू अधिकांशतः जैविक विविधताले सम्पन्न तर आर्थिकरूपमा विपन्न क्षेत्रहरूमा पाइन्छन्।

## परम्परागत ज्ञान[३६]

जैविक विविधतासम्बन्धी महासन्धिको प्रस्तावना र साथसाथै त्यसका केही धाराहरूले जैविक विविधताको दिगो संरक्षणमा आदिवासी तथा स्थानीय समुदायहरू एवं उनीहरूको परम्परागत ज्ञानले खेलेको भूमिकालाई स्वीकारेको छ। महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूले व्यक्त गरेका प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्न तीनवटा मूख्य कार्यहरू गरेका थिए।

पहिलो कार्य, कार्यान्वयनको खुला प्रक्रियाको स्थापना हो। जसअन्तर्गत धारा ८ (जे) तथा सम्बन्धित प्रावधानहरूका बारेमा खुला तदर्थ कार्यदलको स्थापना पर्दछ। यो कार्यदलले आदिवासी तथा स्थानीय समुदायहरूका प्रतिनिधिहरूलाई धारा ८ (जे) को प्रक्रिया तथा कार्यक्रममा पूर्णरूपमा सहभागी हुन प्रोत्साहन गर्दछ।

दोस्रो कार्य धारा ८ (जे) का बारेमा कार्यक्रमको निर्माण थियो। यसैको परिणामस्वरूप 'सास्कृतिक, पर्यावरणीय तथा सामाजिक असर मूल्याङ्कनका लागि एक्वेः कोन स्वेच्छिक निर्देशिका' (Acwe : Kon Voluntary Guidelines for the Conduct of Cultural Environment and Social Impact Assessment) तयार भयो। महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सातौं सम्मेलन□ारा अनुमोदित यो निर्देशिकाले आदिवासी तथा स्थानीय समुदायहरूका भूमि, जलक्षेत्र तथा धार्मिक स्थलहरूमा गरिने विकास निर्माणका परियोजनाहरू सञ्चालन गर्दा ती स्थलहरूमा असर पार्नसक्ने विकास परियोजनाहरूका बारेमा सम्बन्धित राष्ट्रले 'असर मूल्याङ्कन' (Impact Assessment) को निर्माण तथा कार्यान्वयन गर्ने क्रममा मार्गदर्शन गर्ने लक्ष्य लिएको छ। असर मूल्याङ्कनका प्रक्रियाहरूमा आदिवासी तथा स्थानीय समुदायहरूका पर्यावरणीय तथा सामाजिक सरोकारहरूलाई समावेश गर्नसमेत यो निर्देशिकाले सुझाव दिएको छ।

तेस्रो कार्य परम्परागत ज्ञानको संरक्षण तथा फाइदाको न्यायपूर्ण बाँडफाँडको सुनिश्चितताका लागि 'मौलिक' (siu generis)[३७] पद्धतिको निर्माणसँग सम्बन्धित छ। महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सातौं सम्मेलनले धारा ८ (जे) सम्बन्धी तदर्थ

३६ Scott, पाना ६६।

३७ "Sui generic" को अर्थ ल्याटिन भाषामा मौलिक वा आफ्नै किसिमको भन्ने हुन्छ। यसले त्यस्तो चिजलाई जनाउँदछ, जुन अरूभन्दा भिन्दै वा आफ्नै किसिमको वा मौलिक हुन्छ।

कार्य दललाई परम्परागत ज्ञानको संरक्षणका लागि बौद्धिक सम्पत्तिमा आधारित नरहेको 'मौलिक' स्वरूपको व्यवस्थाका बारेमा सोच्न र त्यसलाई विकास गर्न अनुरोध गरेको थियो। सो कार्यदललाई परम्परागत ज्ञानको संरक्षणमा तथ्याङ्क भण्डार (Database) तथा दस्तावेजहरू (Registers) को भूमिकालाई मूल्याङ्कन गर्ने जिम्मेवारीसमेत दिइएको थियो। साथै, बौद्धिक सम्पत्तिको संरक्षण गर्ने नयाँ विधिहरूलाई खोजी गर्ने जिम्मेवारीसमेत सो कार्यदललाई दिइएको थियो।



## संरक्षित क्षेत्रहरू

जैविक विविधतासम्बन्धी महासन्धिको धारा ८ (जे) अनुसार पर्यावरण, प्राकृतिक बासस्थानको संरक्षण तथा विभिन्न प्रजातिहरूलाई उनीहरू आफ्नै प्राकृतिक वातावरणमा सम्भव हुने संख्यामा निरन्तरता दिने र पुनर्स्थापना गर्ने कार्यको रूपमा जैविक विविधताको 'स्वस्थानीय क्षेत्रमा' (in situ)[३८] गरिने संरक्षणको रूपमा परिभाषित गरेको छ। यसैले संरक्षित क्षेत्रहरूको स्थापना स्वस्थानीय क्षेत्रमा गरिने संरक्षणका लागि मह□वपूर्ण मानिन्छ। संरक्षित क्षेत्रहरू बोटबिरूवा तथा जनावरहरूको प्राकृतिक बासस्थानहरूको संरक्षणका लागि तथा त्यस स्थानका वरिपरिका क्षेत्रहरूको पर्यावरणीय सन्तुलनलाई कायम राख्न मह□वपूर्ण मानिन्छन्। केही राष्ट्रहरूले यसको निर्माण गरेका छन्।

आदिवासीहरूका भूमि तथा क्षेत्रहरू परम्परागतरूपमै संरक्षण तथा जैविक विविधताको दिगो उपयोगको सिद्धान्तअनुरूप व्यवस्थापन तथा सञ्चालन भएका छन्। आदिवासीहरूको पुनर्वास वा भूभागमाथिको अधिकारलाई उल्लंघन गर्ने गरी क्षेत्रीय, उपक्षेत्रीय तथा राष्ट्रिय स्तरमा हुने संरक्षित क्षेत्रहरूको स्थापना गरिनु हुँदैन। संरक्षित क्षेत्रहरू स्वतन्त्र पूर्वसुसूचित सहमतिको सिद्धान्तअनुरूप स्थापना हुनुपर्दछ।


उष्ण क्षेत्रीय वनजंगलका आदिवासी तथा ट्राइबल समूहहरूको अन्तर्राष्ट्रिय साझेदारी संस्था (इन्टरनेशनल एलायन्स) ले नयाँ निकुञ्ज वा संरक्षित क्षेत्रहरूको निर्माण गर्नुअघि त्यस क्षेत्रहरूको व्यापक र विस्तृत मूल्याङ्कन गरिनु पर्ने मान्यता राख्नुपर्ने व्यक्त गरेको छ। यी संरक्षित क्षेत्रहरूले समुदायको पहुँचलाई समावेश गर्नुका साथै संरक्षित क्षेत्रहरूभित्र मानिसहरूको उपस्थितिलाई स्वीकार्नु पर्दछ, वञ्चित गर्नु हुँदैन। आदिवासीहरूको भू-भागभित्र स्थापित संरक्षित क्षेत्रहरू पूर्णरूपमा ती आदिवासीहरूको व्यवस्थापनमा हुनुपर्ने साथै संरक्षित क्षेत्रहरूको स्थापनामा आदिवासीहरूको सहमति हुनुपर्ने इन्टरनेशनल एलायन्सले सुझाव दिएको छ।

---

३८ "in situ" को अर्थ ल्याटिन भाषामा 'आफ्नै मोलिक ठाउँमा' भन्ने हुन्छ।

# भाग ३

# जैविक विविधतासम्बन्धी महासन्धिमा आदिवासीहरूको सहभागिता



# जैविक विविधतासम्बन्धी महासन्धिको प्रक्रियामा आदिवासीहरूको सहभागिता कसरी सुरू भयो?

महासन्धिका सम्बन्धित पक्ष राष्ट्र वा राष्ट्रहरूले जैविक विविधतासम्बन्धी महासन्धिबारे गर्ने छलफलहरूमा आदिवासीहरूले पनि भाग लिन पाउने अधिकार छ भनी मनाउने प्रयासका साथ आदिवासीहरूको सहभागिताको क्रम सुरू भएको थियो। यो लामो र कठिन प्रक्रिया सन् १९९४ मा इन्डोनेसियाको जकार्तामा भएको महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको प्रारम्भ भएको दोस्रो सम्मेलनमा उल्लेख्य संख्यामा आदिवासीहरूको सहभागिता थियो।[३९]

त्यसपछि सन् १९९६ मा अर्जेन्टिनाको ब्युनस आयरिसमा भएको महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको तेस्रो सम्मेलनमा परम्परागत ज्ञानसम्बन्धी धारा ८ (जे) लाई जैविक विविधतासम्बन्धी महासन्धिको आधिकारिक एजेन्डाको रूपमा समावेश गरिएको थियो। जसमा आदिवासीका संगठनहरूले सहभागिताका लागि आफूलाई संगठित गर्ने निर्णय गरे। त्यसपश्चात् उनीहरूले महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको सम्मेलनभन्दा अगाडि आदिवासीका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठनहरूको बैठक बोलाए। यो अन्तर्राष्ट्रिय बैठकलाई जैविक विविधतासम्बन्धी आदिवासीहरूको अन्तर्राष्ट्रिय मञ्च (International Indigenous Forum on Biodiversity) 'आइआइएफबी' नाम दिइएको थियो। यो अन्तर्राष्ट्रिय बैठकको आयोजकहरूमा विभिन्न क्षेत्रका बीच संवादलाई सहजीकरण गर्नसक्ने इन्टरनेशनल एलायन्सजस्ता आदिवासी संगठनहरूका साथै अर्जेन्टिनाका स्थानीय आदिवासी संघसंस्थाहरू थिए।

सन् १९९७ मा जैविक विविधतासम्बन्धी महासन्धिले महासन्धिअन्तर्गत परम्परागत ज्ञानको सवाललाई सम्बोधन गर्ने विषयमा निर्णय गर्न म्याड्रिडमा परम्परागत ज्ञानसम्बन्धी कार्यशालाको आयोजना ग□यो। सो कार्यशालामा विश्वभरिका ३०० भन्दा बढी आदिवासीका प्रतिनिधिहरू सहभागी थिए। त्यसपछि आदिवासी संगठनहरू पुनः जैविक विविधतासम्बन्धी आदिवासीहरूको अन्तर्राष्ट्रिय मञ्चको रूपमा भेला भए, र महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूलाई एकीकृत साझा अडान प्रस्तुत गर्न समन्वय गरे। छलफलहरूमा आफ्नो सहभागिता प्रत्याभूत गर्न सबैभन्दा उत्तम संयन्त्रको रूपमा धारा ८ (जे) तथा सम्बन्धित प्रावधानहरूका बारेमा खुला कार्यदलको गठन गर्न उनीहरूले पैरवी गरे।

महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको चौथो सम्मेलनअघि जैविक विविधतासम्बन्धी आदिवासीहरूको अन्तर्राष्ट्रिय मञ्चले आदिवासीहरू एवं उनीहरूका संगठनहरूका लागि पुनः एउटा तयारी बैठकको आयोजना ग□यो। आदिवासी संगठनहरूको संयुक्त प्रयास तथा केही 'सहयोगी' देशहरूको समर्थनको परिणामस्वरूप धारा ८ (जे) सम्बन्धी कार्यदलको गठन भयो। यो केही पक्षहरूको विरोधका बावजुद भएको थियो। तत्पश्चात् जैविक विविधतासम्बन्धी आदिवासीहरूको अन्तर्राष्ट्रिय

३९ Oldham, पाना ३६।

मञ्चले धारा ८ (जे) को कार्यदलको प्रत्येक बैठकअघि आफ्ना बैठक तथा छलफलहरूको आयोजना गर्दै आएको छ।

जैविक विविधतासम्बन्धी आदिवासीहरूको अन्तर्राष्ट्रिय मञ्चको आदिवासी प्रतिनिधिहरूको एउटा सानो समूहले पहुँच तथा फाइदाको बाँडफाँडसम्बन्धी विषयमा भएको प्रगतिको अनुगमन गर्दछ। त्यस्तै गरेर संरक्षणसम्बन्धी आदिवासीहरूको समिति (Indigenous Peoples' Committee on Conservation) ले संरक्षित क्षेत्रहरूसँग सम्बन्धित कार्यदलको बैठकहरूको अनुगमन गर्दछ।[४०]

## जैविक विविधतासम्बन्धी आदिवासीहरूको अन्तर्राष्ट्रिय मञ्चले कसरी काम गर्दछ?

जैविक विविधतासम्बन्धी आदिवासीहरूको अन्तर्राष्ट्रिय मञ्च आदिवासीहरूको एउटा खुला प्रकृतिको मञ्च हो। यसको जनादेश आदिवासी अधिकारहरूलाई पैरवी गर्नका लागि जैविक विविधतासम्बन्धी महासन्धिका प्रक्रियाहरूमा आदिवासीहरूको पूर्ण तथा प्रभावकारी सहभागितालाई सहजीकरण गर्नु रहेको छ।[४१] यस मञ्चको आफ्ना निश्चित सदस्यहरू छैनन्, र यो संगठन वा संस्था पनि होइन। यो आदिवासी स्वयंले निर्माण गरेको एउटा संयन्त्र हो। यसले जैविक विविधतासम्बन्धी महासन्धिका बारेमा सरकारी 'पक्ष'हरू सँग हुने छलफलहरूमा आदिवासीहरूलाई आफ्नो अडान स्थापित तथा प्रस्तुत गर्न अवसर प्रदान गर्दछ। यसको उद्देश्य आदिवासीहरूलाई जैविक विविधतासम्बन्धी महासन्धिका आधिकारिक बैठकहरूको तयारीका लागि विचारहरूको आदानप्रदान गर्ने, रणनीतिहरूका बारेमा छलफल गर्ने तथा आफ्ना दृष्टिकोणहरू परिभाषित गर्ने मञ्च प्रदान गर्नु हो।[४२] जैविक विविधतासम्बन्धी महासन्धिको अन्तर्राष्ट्रिय बैठकहरूमा भाग लिने जो कोही व्यक्ति जैविक विविधतासम्बन्धी आदिवासीहरूको अन्तर्राष्ट्रिय मञ्चमा सहभागी हुन सक्दछ।

जैविक विविधतासम्बन्धी आदिवासीहरूको अन्तर्राष्ट्रिय मञ्चले स्थापनाकालदेखि नै आफ्नो कामका लागि स्थान र स्रोतहरू जुटाउन संघर्ष गर्नु परिरहेको छ। यसले आदिवासीहरूको सहभागिताका लागि आर्थिक स्रोतको अभाव, भौतिक स्रोत तथा सामग्रीहरू (कम्प्युटर, छपाई तथा अनुवादका सेवाहरू) को अभाव, तयारी गर्न समय अभाव एवं आदिवासी प्रतिनिधिहरूबीच विविध प्राथमिकता तथा शैलीहरूजस्ता अनेकौं कठिनाईहरू झेल्नु परेको छ। यी सबै कठिनाइहरूका बावजुद मञ्चले जैविक विविधतासम्बन्धी महासन्धिको प्रक्रियाभित्र प्रमुखता तथा विश्वासनियता

४० Joji Carino, *The International Indigenous Forum on Biodiversity* [Powerpoint Presentation] (Baguio City, Philippines : Tetebba Foundation, 2007)

४१ Carino

४२ Oldham, पाना ३६–४३।

पाउन सफल भएको छ। मञ्चका सदस्यहरूलाई धारा ८ (जे) तथा सम्बन्धित प्रावधानहरूका बारेमा भएका छलफलहरूमा बोल्नलाई उल्लेख्य समय दिइएको थियो, र मञ्चले राखेको अडानलाई सरकारी प्रतिनिधि मण्डलको उल्लेख्य संख्याले अंगिकार गरेको थियो।[४३]

महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको नैरोवीमा भएको पाँचौं सम्मेलनमा सम्बन्धित 'पक्ष' हरूको निर्णय ५□१६ ले धारा ८ (जे) को कार्यान्वयनमा जैविक विविधतासम्बन्धी आदिवासीहरूको अन्तर्राष्ट्रिय मञ्चले खेलेको मह□वपूर्ण भूमिकालाई सराहना तथा मान्यता प्रदान ग□यो। त्यस्तै गरेर सो निर्णयले मञ्चलाई जैविक विविधतासम्बन्धी महासन्धिको सल्लाहकार अंगको रूपमा पनि आधिकारिकरूपमा मान्यता दियो। मञ्चलाई सल्लाहकार अंगको रूपमा मान्यता दिइनु आदिवासीहरूका लागि एउटा ठूलो विजय थियो। यो महासन्धिको विविध गतिविधिहरूमा आदिवासीका प्रतिनिधिहरूको सहभागिताप्रति बढ्दो खुलापन तथा सकारात्मकताको संकेत हो। महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको पाँचौं सम्मेलनपछि मञ्चले विभिन्न तहका कार्यक्रमहरूमा विशेषज्ञहरूको समूह तथा विशेषज्ञहरूको 'प्यानल', वैज्ञानिक, यान्त्रिक तथा प्राविधिक सल्लाहसम्बन्धी सहयोगी अंग (साब्स्टा)का बैठकहरू, धारा ८ (जे) को कार्यदल र पहुँच तथा फाइदाको बाँडफाँडका साथै सम्पर्क समूहमा सहभागिता जनाउदै आएको छ। बैठकहरूमा सहभागिता जनाउनका अतिरिक्त मञ्चले अध्ययन प्रतिवेदन तयार गर्ने, बुलेटिन निकाल्ने, विषयगत समूहहरू बनाउने, मुद्रणसम्बन्धी कार्य, पैरवी गर्ने तथा समानान्तर गतिविधिहरू सञ्चालन गर्ने जस्ता अन्य कामसमेत गरेको छ।

भविष्यका लागि मञ्चले जैविक विविधतासम्बन्धी महासन्धिलाई राष्ट्रिय स्तरमा ल्याउनु पर्ने आवश्यकता देखेको छ, ताकि धेरै व्यक्तिहरूले सहभागिता जनाउन सकुन्। आगामी १० वर्षभित्रमा महासन्धिको प्राथमिकताको विषय राष्ट्रिय स्तरमा कार्यान्वयन गर्नुपर्ने भएकाले यो विशेष अर्थपूर्ण छ। मञ्चसँग सम्बन्धित आदिवासीका संगठनहरूले शिक्षा, सचेतना तथा सूचनाको प्रचार-प्रसारका गतिविधिहरू सञ्चालन गर्नु पर्दछ, ताकि महासन्धिमा अझ बढी स्थानीय संगठनहरूले संलग्नता तथा सहभागिता जनाउन सकुन्। यसको साथसाथै मञ्चले आदिवासीका संगठनहरूका बीच राष्ट्रिय स्तरमा क्षमता अभिबृद्धि कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता देखेको छ। यस्ता कार्यक्रमहरूले आदिवासीका संगठनहरूलाई महासन्धिमा सहभागिता जनाउन तथा स्थानीय एवं राष्ट्रिय स्तरमा आदिवासीहरूका दृष्टिकोणलाई अझ प्रभावकारी रूपमा अभिव्यक्त गर्न सशक्तीकरण गर्नेछन्।[४४]

४३ Oldham, पाना ३६-४३।

४४ Carino


# आदिवासीका संगठनहरूले जैविक विविधतासम्बन्धी महासन्धिलाई आफ्नो अधिकार तथा हितहरूको समुन्नतिका लागि कसरी प्रयोग गर्न सक्दछन्?

जैविक विविधतासम्बन्धी महासन्धि बाध्यकारी कानून हो। तसर्थ, 'पक्ष' राष्ट्रहरूले यसको कार्यक्रमहरूलाई मान्नुपर्ने र कार्यान्वयन गर्नुपर्ने बाध्यता हुन्छ। यस सन्दर्भमा आदिवासीका संगठनहरूले महासन्धिलाई आफ्नो राष्ट्रिय सरकारहरूलाई दबाब दिन, आफ्नो मुद्दा तथा सरोकारहरूलाई उठाउन तथा आफ्नो अधिकार तथा हितहरूको समुन्नतिका लागि गर्न प्रयोग गर्न सक्दछन्। अन्तर्राष्ट्रिय स्तरमा नीति निर्माण गर्न मात्र नभएर राष्ट्रिय तथा स्थानीय स्तरलगायत सबै स्तरमा ती नीतिहरूको कार्यान्वयन गरिनुसमेत पर्दछ। यसका लागि आदिवासीका संगठनहरूले आफ्नो विशेष परिस्थिति तथा वातावरणका निमित्त सबैभन्दा बढी सान्दर्भिक महासन्धिको कार्यक्रम पहिला निर्क्योल गर्ने र यो जानकारीलाई आफ्नो फाइदाको लागि प्रयोग गर्नु पर्दछ। उनीहरू आफ्नो सरकारको राष्ट्रिय जैविक विविधतासम्बन्धी रणनीति तथा योजना कार्यान्वयनको बारेमा बढी जानकार हुन आवश्यक छ, र उनीहरूले आफ्ना सरकारहरूलाई सरकार□ारा व्यक्त प्रतिवद्धताहरूप्रति जवाफदेही बनाउनु पर्दछ।

उदाहरणका लागि कुनै आदिवासी समूह खानी उद्योगबाट खतरामा परेको छ भने सो आदिवासी समूहले जैविक विविधतासम्बन्धी महासन्धिको कुनै एउटा विषयगत क्षेत्र (जस्तै हिमाली जैविक विविधता) वा कुनै एउटा अन्तर-सम्बन्धित विषय (जस्तै परम्परागत ज्ञान) वा कुनै एउटा धारा (जस्तै जैविक स्रोतहरूको परम्परागत उपयोग सम्बन्धमा धारा १० सी) लाई छनौट गर्न सक्दछ। त्यसपछि समूहले आदिवासीहरूको भूमिमा सरकारले खानी उद्योग सञ्चालन गर्न दिएर महासन्धिका प्रतिबद्धताहरूलाई कसरी उल्लंघन गरेको छ, सो बारेमा अध्ययन गर्न सक्दछ। तत्पश्चात् सो आदिवासी समूहले आफ्नो सरकारलाई दबाब दिनका लागि महासन्धिलाई प्रयोग गरेर रणनीति तयार गरी आफ्नो अधिकार र हितलाई समुन्नत बनाउन सरकारसमक्ष माग गर्न सक्दछ।

# आदिवासीहरूले कसरी सफलतापूर्वक जैविक विविधतासम्बन्धी महासन्धिको प्रयोग गरेका छन्?

आदिवासीहरूले कसरी जैविक स्रोतहरूको परम्परागत उपयोग दिगो हुन्छ भनेर प्रमाणित गरिदिनुका साथै जैविक विविधतासम्बन्धी महासन्धिको संरचनालाई प्रयोग गरेर आफ्ना मुद्दाहरूलाई कसरी उठान गरेका छन् र आफ्ना अधिकारहरूको पैरवी कसरी गरेका छन् भन्ने देखाउन निम्न तीनवटा छोटा अध्ययनहरू प्रस्तुत छन्।



## गुयाना : वापिचान आदिवासी

दक्षिण रूपुनुनी गुयानाका आदिवासी समूह वापिचानसम्बन्धी हालसाथै गरिएको एउटा अध्ययनले सबै भूमि तथा भू–भाग एवं उनीहरूका सबै पारिस्थितिकीय प्रणाली र वासस्थानहरू जीविकोपार्जन र सांस्कृतिक उद्देश्यका लागि प्रयोग भएको देखाउँदछ। यस्ता भू–भाग तथा पारिस्थितिकीय प्रणालीमा रूखसहितको घाँसे मैदान, वनजंगल, झाडीसहितका टापुहरू, पहाड, दलदल, ताल, पोखरी तथा नदीहरू पर्दछन्। वापिचान आदिवासीको घुमन्ते र घुम्ते खेतीप्रणालीको परम्परागत पद्दति कृषि भूमिको व्यापक क्षेत्रमा अपनाइन्छ। वापिचान आदिवासीका परम्परागत मूल्य, मान्यता तथा संस्थाहरूले स्रोतहरूको बुद्धिमतापूर्ण प्रयोगलाई बढावा दिन्छन्। अध्ययनका मूख्य निष्कर्षहरूले परम्परागत प्रयोगहरू दिगो रहेको देखाउँदछ। यसको प्रमाणको रूपमा वापिचान आदिवासी बसोबास गर्ने दक्षिण रूपुनुनी क्षेत्रको वनजंगल तथा वासस्थानहरू अहिलेसम्म पनि राम्रो अवस्थामा रहनु हो। पुस्तौंदेखिको प्रयोगपछि पनि स्रोतहरू सामान्यतया प्रचुर मात्रामा रहेका छन्। यद्यपि, परम्परागत व्यवहारहरूको निरन्तरताका लागि कानूनी बाधा अड्चनहरू छन्। आदिवासीसम्बन्धी कानूनहरू गुयानाको संविधानसँग मिल्दो छैनन्। गुयानाको सरकारले भूमि तथा प्राकृतिक स्रोतमाथिको परम्परागत अधिकार, भूमिको परम्परागत उपयोग तथा आदिवासीका परम्परागत व्यवहारहरूको संरक्षणबीचको मह□वपूर्ण सम्बन्धलाई स्विकारेको तथा मान्यता दिएको छैन। भूमि तथा प्राकृतिक स्रोतमाथिको अधिकारको सुनिश्चितता नहुनु, जमिनहरूको अधिकारसम्बन्धी कागजातहरू (जग्गाधनीको प्रमाणपूर्जा) अपर्याप्तता एवं खानी उद्योग, वनजंगल फडानी तथा संरक्षित क्षेत्र परियोजनाजस्ता आदिवासीको परम्परागत जीविकोपार्जनहरूलाई संकुचित पार्ने खालको दीर्घकालीन दिगोपनाका खतराहरू रहेका छन्। यसको अतिरिक्त अन्तर्राष्ट्रिय ठूलाठूला परियोजनाहरूसँग सम्बन्धित भूमि अतिक्रमण तथा औपनिवेशिकरणका खतराहरू पनि रहेका छन्। जैविक विविधतासम्बन्धी महासन्धिको धारा १० (सी) प्रयोग गरेर वापिचान आदिवासीले आफ्नो सरकारलाई सुझावहरू दिएका छन्। यी सुझावहरूमा सरकारले परम्परागत व्यवहार तथा प्रचलनहरूको संरक्षणका लागि आफ्ना कानून तथा नीतिहरूमा संशोधन गर्नुपर्ने, वापिचान आदिवासीको परम्परागत भू–भागलाई कानूनी मान्यता दिनुपर्ने तथा जैविक स्रोतहरूको निरन्तरतामा आदिवासीहरूको योगदानलाई स्वीकार्नु पर्ने तथा मान्यता दिनुपर्नेजस्ता रहेका छन्। यसका साथै ती सुझावहरूमा विश्व वातावरणीय निकाय तथा विश्व बैंकजस्ता संस्थाले आर्थिक सहयोग उपलब्ध गराएका अन्तर्राष्ट्रिय विकास परियोजनाहरूले आदिवासीको भूमि तथा प्राकृतिक स्रोतमाथिको अधिकारलाई पूर्णरूपमा सम्मान गर्नुपर्ने कार्यलाई सरकारले सुनिश्चित गर्नुपर्ने तथा दक्षिण रूपुनूनी क्षेत्रमा जैविक स्रोतहरूको दिगो उपयोगका लागि आदिवासीहरूका प्रयासहरूलाई समर्थन गर्नुपर्नेजस्ता पर्दछन्।[४५]

---

४५ Toshaos Tony James, Patrick Games and Gavin Winter, *An Indigenous Case Study on the Customary Use of Biological Resources and Related Traditional Practices within Wapichan Territory in Guyana* (Power Point presentation for Forest Peoples Programme workshop, 19 September 2006, Braziers Park, UK).

## थाइल्यान्ड : ह्मो□ आदिवासी

थाइल्यान्ड च्या□माइको चोमथा□ जिल्लाको पहाडी इलाकामा केही आदिवासी ह्मो□ तथा करेन (पक न्योउ) समुदायहरूले हालसालै परम्परागत भूमि उपयोग तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धमा सामुदायिक नक्सा□्कन परियोजना सम्पन्न गरे। उनीहरूले सहभागितामूलक अनुसन्धानको प्रयोग गरेर जैविक विविधतासम्बन्धी महासन्धिको धारा १० (सी) को बारेमा अध्ययन प्रतिवेदन पनि तयार पारे। सो अध्ययन प्रतिवेदन राष्ट्रिय स्तर साथै विश्व संरक्षण संगठन (World Conservation Union) एवं जैविक विविधतासम्बन्धी महासन्धिको बैज्ञानिक, यान्त्रिक सल्लाहसम्बन्धी सहयोगी अंग तथा महासन्धिका सम्बन्धित पक्ष राष्ट्रहरूको आठौं सम्मेलनलगायतका विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रस्तुत गरिएको थियो। अध्ययनले गाउँलेहरूले विभिन्न पारिस्थितिकीय प्रणालीहरूमा परम्परागत प्रयोगका पद्दतिहरू तथा नियमहरू स्थापना गरेको देखाउँदछ। यी पद्दति तथा नियमहरूले दिगो स्रोत व्यवस्थापनको परम्परागत दिगो तरिकाहरू देखाउँदछन्। आदिवासीहरूले अपनाउने घुम्ती कृषि प्रणाली एवं उनीहरूले समग्र वातावरणमा पार्ने न्यून असरका कारणले उनीहरूको बासस्थान वनस्पति र प्राणीहरूको जैविक विविधताले सम्पन्न छ। आदिवासीहरूले आफ्ना परम्परागत संरचनाहरू तथा नेतृत्वका पद्दतिहरूलाई कायम राखेका छन्, यसले स्रोतको उपयोगलाई नियमित तथा नियन्त्रण गर्दछ। बाह्य संस्था तथा ब्यक्तिहरूले बनाएका तथा कार्यान्वयन गरेका नीति तथा विकास परियोजनाहरूले आदिवासीहरूको परम्परागत संरचना तथा ब्यवहारहरूमा नकारात्मक असर पारेको छ। यसले सांस्कृतिक व्यवहार तथा प्रचलनहरूलाई सम्मान गर्नुपर्ने तथा मान्यता दिनुपर्ने आवश्यकतामा जोड दिन्छ। अध्ययनले थाइल्याण्डको संविधान र जैविक विविधतासम्बन्धी महासन्धिको धारा ८ (जे) तथा १० (सी) सँग बाझिने राष्ट्रिय कानूनहरूलाई संशोधन गर्नुपर्ने सुझाव दिएको छ। त्यस्तै गरेर अध्ययनले सरकारले आदिवासी र स्थानीय समुदायहरू□ारा प्रस्तावित 'सामुदायिक वनसम्बन्धी विधेयक'लाई अनुमोदन गर्नुपर्ने सुझाव दिएको छ। अध्ययनले थाइल्याण्डको सरकारले जैविक विविधताको परम्परागत उपयोगलाई संरक्षण गर्न तथा प्राकृतिक स्रोतसम्बन्धी योजना तथा व्यवस्थापनमा आदिवासीहरूको पूर्ण तथा प्रभावकारी सहभागितालाई प्रोत्साहन गर्न सक्रियतापूर्वक पाइलाहरू चाल्नुपर्ने आवश्यकतामा पनि जोड दिएको छ। अध्ययनका आदिवासी लेखकहरूले जैविक विविधतासम्बन्धी महसन्धिको राष्ट्रिय स्तरमा कार्यान्वयन तथा अनुगमनमा आदिवासीहरूको पूर्ण तथा प्रभावकारी सहभागिता सुनिश्चित गर्नका लागि एउटा संयन्त्रको स्थापना हुनुपर्ने कुरा पनि औंल्याएका छन्।[४६]

---

४६ Inter Mountain People Education and Culture in Thailand (IMPECT) and Forest Peoples Programme (FPP), *Biological Resource Management by Indigenous Peoples in Thailand: Case study on Hmong and Karen Communities* (Powerpoint Presentation for Forest peoples Programme workshop, 19 September 2006, Braziers Park, UK)

## सुरिनाम : कालिना एन लोकोनो आदिवासी

सुरिनामका कालिना एन लोकोनो आदिवासी समुदायले गर्ने प्राकृतिक स्रोतहरूको परम्परागत उपयोगअन्तर्गत कृषि, शिकार खेल्ने, माछा मार्ने तथा हस्तकलाका लागि वनजंगलका गैरकाष्ठबाहेकका उत्पादनहरूको संकलन गर्नेजस्ता कुराहरू पर्दछन्। आदिवासीहरू□ारा गरिने प्रकृतिको दिगो उपयोग तथा संरक्षण परम्परागत नियम तथा कानूनअनुरूप हुने गर्दछन्, जसले भावी पुस्ताहरूका लागि मानिस तथा प्रकृतिबीचको सन्तुलनलाई कायम राख्दछ। यी अलिखित नियमहरू हुन्, जसलाई आदिवासीहरूले व्यवहारमा प्रत्यक्ष लागू गर्दछन्। परम्परागत अधिकारी वा सरकार तथा प्रथाजनित कानूनहरूलाई मान्यता नदिइनु, खानी उद्योग, बाहिरबाट आउनेहरूलाई व्यक्तिगत जमिन तथा प्राकृतिक स्रोतको स्वामित्व दिनु, आदिवासीहरूको भाषा तथा ज्ञानलाई बेवास्ता गर्ने शिक्षा प्रणाली, वनजंगलको फँडानीजस्ता कुराहरू दिगो तथा परम्परागत भूमि उपयोगका लागि खतराको रूपमा रहेका छन्। लोवर-म्यारोविनजस्ता संरक्षित क्षेत्रहरूको स्थापना गरिँदा आदिवासी तथा स्थानीय समुदायहरूको स्वतन्त्रपूर्वक पूर्वसुसूचित सहमति लिइनुपर्ने सिद्धान्तलाई वर्खिलाप गरी स्थापना गरिएको छ। र, सरकारहरूले यस्ता क्षेत्रहरूबाट आदिवासीहरूलाई पाखा पार्न हिंसाको प्रयोग गर्दछन्। यस्ता संरक्षित क्षेत्रहरूमा आदिवासीहरूले स्वतन्त्रतापूर्वक माछा मार्न वा शिकार खेल्न पाउँदैनन्, जबकि त्यस्ता क्षेत्रहरूभित्र खानी उद्योगसँग सम्बन्धित गतिविधिहरूलाई सञ्चालन गर्न दिइन्छ। परिणामतः आदिवासीहरूले स्वतन्त्रतापूर्वक बाँच्न नपाउने परिस्थिति सिर्जना हुनाका साथै उनीहरूका आफ्ना परम्परागत भू-भागहरूको क्षेत्रफल निरन्तररूपमा घटिरहेको र नियन्त्रण गुमाउनुका साथै जैविक विविधता द्रूत गतिमा घटिरहेका छन्। कालिना एन लोकोनो आदिवासी समूहले गरेका सिफारिसहरूमा जैविक विविधतासम्बन्धी महासन्धि (खास गरेर महासन्धिको धारा १० (सी) लगायतका अन्तर्राष्ट्रिय कानूनहरूको कार्यान्वयन, भूमि तथा प्राकृतिक स्रोतमाथिको स्वामित्व, प्रयोग र व्यवस्थापनको कानूनी मान्यता रहेका छन्। सो सिफारिसमा परम्परागत शासन विधि तथा आदिवासीका परम्परागत कानूनहरूलाई पनि मान्यता दिनुपर्नेसमेत पर्दछ। कालिना एन लोकोनो आदिवासी समूहले सरकारसँग अहिले विभिन्न संस्था तथा व्यक्तिहरूलाई दिइएका सबै खानी उद्योग तथा वन फँडानीसम्बन्धी अनुमति, संरक्षित क्षेत्रसम्बन्धी व्यवस्थाहरू तथा भूमिमाथिको व्यक्तिगत लालपूर्जाहरूलाई खारेज गर्न माग गरेको छ। त्यस्तै, स्वतन्त्र पूर्वसहमतिबिना यस्ता नयाँ सुविधाहरू उपलब्ध नगराउन पनि उनीहरूले सरकारसँग माग गरेका छन्। कालिना एन लोकोनो आदिवासी समूहले आदिवासी समुदायहरूसँग छलफलका लागि एउटा संयन्त्रको स्थापना गरिनुपर्ने पनि सुझाव दिएको छ। त्यस्तै गरेर तल्लो म्यारोविन क्षेत्रका लागि व्यवस्थापन योजनालाई अझ विस्तार तथा कार्यान्वयन गर्न आदिवासी समुदायहरूलाई आर्थिक स्रोत

उपलब्ध गराउनुपर्ने पनि सुझाव दिएको छ।[४७]

यी माथिका अनुभवहरूले आदिवासी र स्थानीय समुदायहरूका संगठनहरू जैविक विविधतासम्बन्धी महासन्धिको संरचनालाई प्रयोग गरेर आफ्ना अधिकारहरूलाई अगाडि बढाउने उद्देश्यले संक्षिप्त प्रतिवेदन तयार गर्न, अध्ययनहरू सञ्चालन गर्न तथा आफ्ना सरकारहरूलाई सुझाव दिन सफल भएका छन् भन्ने कुरा देखाउँदछन्।



४७ The Association of Indigenous Village Leaders in Suriname (VIDS), the Indigenous Land Rights Commission of the Lower Marowijne (CLIM), and the Forest Peoples Programme, *Traditional Use and Management of the Lower Marowijne area by the Kalina en Lokono Indigenous Peoples of Suriname in the Frame work of Article 10 (c) of the CBD* (Power point Presentation for Forest Poeples Programme workshop, 19 September 2006, Braziers Park, UK)